नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

२०८३

जिल्ला विपद् व्यवस्थापन समिति

गौर, रौतहट

(जिल्ला विपद् व्यवस्थापन समिति, रौतहटको मिति २०८३।०२।२१ गतेको बैठकबाट स्वीकृत)

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना संस्करण तथा अद्यावधिक विवरण

पहिलो संस्करण २०६८

प्रथम अद्यावधिक २०६९

दोस्रो अद्यावधिक २०७०

तेस्रो अद्यावधिक २०७१

पाँचौं अद्यावधिक २०७३

छैटौं अद्यावधिक २०७४

सातौं अद्यावधिक २०७५

आठौं अद्यावधिक २०७६

नवौं अद्यावधिक २०७७

दशौं अद्यावधिक २०७८

एघारौं अद्यावधिक २०७९

वाह्रौ अद्यावधिक २०८०

तेह्रौं अद्यावधिक २०८१

चौधौ अद्यावधिक २०८२

पन्ध्रौ अद्यावधिक २०८३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गौर, रौतहट

पत्र संख्या : ०८२/०८३

चलानी नं. :

प्राप्त पत्र संख्या र मिति

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रौतहट

मिति -२०८३।०२।२१ गते

## मन्तव्य

पानीजन्य प्रकोपका दृष्टिले विश्वमा नेपाल ३० औं र भूकम्पीय दृष्टिकोणले ११ औं स्थानमा रहेकोले यसको उचित पूर्व तयारीका साथ व्यवस्थापन गरेर नागरिकको जनधनको सुरक्षा गर्नु सरकारको दायित्व हो । यस प्रक्रियालाई संस्थागत गर्नका लागि बाढीजन्य विपद्‌बाट प्रभावित हुने जिल्लाबाट कामको थालनी गर्नु पनि बढी फलदायी सावित हुन्छ । जिल्ला विपद् व्यवस्थापन समिति रौतहटको आयोजनामा बाढी, आगलागी, भूकम्प, शीतलहर, चट्याङ, हावाहुरी लगायत महामारीको परिस्थितिमा प्रभावकारी खोज उद्धार र राहत वितरण तथा पुनर्थापनाको कार्यलाई समन्वयात्मक रुपमा सञ्चालन गर्न रौतहट जिल्लाको तर्फबाट विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ अद्यावधिक सहित तयार गरिएको छ ।

वर्तमान अवस्थामा विपद् जोखिम न्यूनीकरणलाई विकासका कार्यक्रम मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकताको महसुस सबै पक्षलाई भएको छ र यो आवश्यकता पनि हो। विगत र वर्तमानको वास्तविकताको विश्लेषण गरेर बाढीबाट हुने क्षतिलाई कम गर्न आगामी दिनमा विकास कार्यक्रमलाई विपद् व्यवस्थापनमैत्री बनाउन पनि आवश्यक भएको अनुभव जिल्ला विपद् व्यवस्थापन समिति रौतहटले पनि गरी सकेको छ । यसका लागि जिल्ला प्रशासन कार्यालयले र अन्य सरोकारवाला निकाय तथा संघ संस्थाहरुले विपद् व्यवस्थापन सम्पर्क व्यक्तिको व्यवस्था गरेका छन् ।

विपद् व्यवस्थापनलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्न सकिएमा मात्र दिगो विकासले सार्थकता पाउँछ भन्ने कुरामा कसैको दुई मत नहोला । यस योजनाले जिल्लामा विपद्‌बाट हुने मानवीय तथा धनजनको क्षतिलाइ कम गर्नका लागि र प्रभावित मानिसहरुका आवश्यकताहरु पूर्ति गर्नका निमित्त समयमा नै एकनासको तथा समन्वयात्मक प्रतिकार्य उपलब्ध गराउने कुरा सुनिश्चित गर्ने र जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्‌को सामना गर्न रौतहट जिल्लाको क्षमता अभिवृद्धिमा समेत सहयोग पुर्याउने कार्यलाई अघि बढाउनेछ भन्ने विश्वास गर्दछु। साथै जिल्ला स्थित सरकारी निकायहरु, स्थानीय सरकारहरु तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरुका साथै सरोकारवाला सबैलाई सक्रिय सहयोग गर्नु भएकोमा आभार व्यक्त गर्न चाहन्छु । रौतहट जिल्लाको यस प्रयासमा जिल्ला विपद् व्यवस्थापन समितिको स्रोत, साधन र क्षमताले भ्याएसम्म सहयोग गर्ने र स्थानीय तहवाट पनि उच्च जोखिममा रहेका क्षेत्रको लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी यस योजनाको कार्यान्वयन गर्ने कुरामा सबैसँग सहयोगको समेत अपेक्षा गर्दछु। धन्यवाद !

...........................................

(दिनेश सागर भुसाल)

प्रमुख जिल्ला अधिकारी

तथा

जिल्ला विपद् व्यवस्थापन समिति

अध्यक्ष

Email: rautahat.dao@gmail.com, Website: daorauahat.moha.gov.np, Facebook : https://www.facebook.com/daorautahat

सम्पर्क नं. ०५५-५२०३६९, ०५५-५२००३३, ९८५५०४७७७२

## बिषय सूची

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट


| विषय | पृष्ठ संख्या |
|---|---|
| **खण्ड - क** | **१-६** |
| परिचय | १ |
| १ जिल्लाको परिचय | १ |
| १.१ भौगोलिक अवस्थिति | १ |
| १.२ भौगोलिक अवस्था | २ |
| १.३ बनजंगल | ३ |
| १.४ हावापानीः | ३ |
| १.५ नदीनाला, ताल तथा पोखरी | ३ |
| १.६. जैविक विविधता | ३ |
| १.७ धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक स्थलहरू | ३ |
| १.८ प्रशासनिक विभाजन | ३ |
| १.९. जनसंख्या | ४ |
| १.१०. जात जाती, भाषा र धर्म | ४ |
| १.११ प्रमुख व्यापारिक नाका तथा केन्द्रहरूः | ४ |
| १.१२. सूचना तथा संचारको अवस्था | ४ |
| १.१३ स्वास्थ्य संस्थाहरुको विवरण/अवस्था | ४ |
| १.१४ शैक्षिक संस्थाहरुको विवरण/ शिक्षाको अवस्था | ५ |
| १.१५ बैंक तथा वित्तीय संस्थाहरूः | ५ |
| **खण्ड - ख** | **७-११** |
| योजनाको उद्देश्य र आवश्यकता | ७ |
| २.१ योजनाको उद्देश्यः | ७ |
| २.२ योजनाको अपेक्षित नतिजा | ७ |
| २.३ योजनाको सीमितताः | ८ |
| २.४ विपद् व्यवस्थापनका लागि अवलम्वन गरिने रणनीति, | ८ |
| २.५ विपद् व्यवस्थापन सम्बन्धी संबैधानिक कानूनी तथा नीतिगत व्यवस्थाहरू | ९ |
| २.५.१ नेपालको संविधान | ९ |
| २.५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | ९ |
| २.५.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४, नियमावली,(पहिलो संशोधन)२०८२ | १० |
| २.५.४ १६औं आवधिक योजना (२०८२/८१-२०८५/८६) | १० |
| २.५.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४ | १० |
| २.५.६ राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा, २०७० | ११ |
| २.५.७ दीगो विकास लक्ष्यहरू (सन् २०१५-२०३०) | ११ |

२.५.८ विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधिहरू ११
२.५.९ मधेश प्रदेश सरकारबाट र रौतहट जिल्लाका स्थानीय तहवाट जारी भएको विपद् सम्बन्धी ऐन, नियम, कार्यविधि, मापदण्डहरू ११
खण्ड - ग १२-१६
विपद् पूर्वतयारी, प्रतिकार्य तथा पूनर्लाभ योजना निर्माण प्रकृया १२
३.१ योजना निर्माणको प्रक्रिया १२
३.२ पूर्वतयारी योजना (Preparedness Plan) १२
३.२.१ मानवीय सहायतामा संलग्न हुन सक्ने साझेदार निकायहरूको पहिचान १२
३.२.२ विपद्को क्षेत्र अनुसार खोज तथा उद्धार सामग्री व्यवस्थापन १४
३.२.३ जनचेतना अभिवृद्धि १४
३.२.४ स्रोत नक्साङ्कन १४
३.२.५ प्रकोप जोखिम विश्लेषण १५
३.२.६ पूर्व सूचना प्रणाली: १५
खण्ड - घ १७-३५
४.१ विपद्को अवस्था विश्लेषण १७
४.१.१ आ.व.२०८०/०८१ विपद्को घटना र ती घटनाहरुवाट भएको क्षतिको विवरण १७
४.१.२ आ.व.२०८१/०८२ विपद्को घटना र ती घटनाहरुवाट भएको क्षतिको विवरण १८
४.१.३ चालु आ.व.२०८२/०८३ को चैत्र मसान्तसम्मको विपद्को घटना र ती घटनाहरुवाट भएको क्षतिको विवरण १९
४.१.४ तिन वर्षको एकमुष्ट विपद् तथ्याँङ्क (आ.व. २०८०/८१, आ.ब. २०८१/८२ र आ.ब. २०८२/८३ को चैत्र मसान्तसम्मको) २०
४.१.५ विपद् घटनाहरुको प्रकृतिअनुसार त्रिवर्षिय तुल्नात्मक तथ्याङ्क (आ.व. २०८०/८१, आ.ब. २०८१/८२ र आ.ब. २०८२/८३ को चैत्र मसान्तसम्मको) २१
४.१.६ सवारी दुर्घटना २२
४.२ जोखिम संवेदनशील क्षेत्रहरूको पहिचान २३
४.२.१ बाढी, पहिरो कटान, डुबान २३
४.२.२ आगलागी: २९
४.२.३ हावाहुरी र चट्याङ्ग २९
४.२.४ जंगली जनावरको आक्रमण र सर्पदंश २९
४.२.५ सडक दुर्घटना सडक दुर्घटना : २९
४.२.६ अन्य २९
४.३ संकटासन्नता नक्साङ्कन ३०
४.३ रौतहट जिल्ला अन्तर्गत रहेको खुल्ला क्षेत्र, आश्रय स्थल तथा भण्डारण गृहको विवरण ३०
४.३.१ खुल्ला क्षेत्र ३०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

४.३.२ आश्रय स्थल ३१

४.३.३ भण्डारण गृह ३२

४.३.४ मनसुनजन्य विपद्बाट प्रभावितको स्वास्थ्य उपचारको निमित्त फिल्ड अस्पतालको आवश्यक तयारी तथा अन्य स्वास्थ्य संस्थासँगको समन्वय ३२

४.३.५ जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु ३५

खण्ड - ङ ३६-

विपद् पूर्वतयारी, प्रतिकार्य तथा पूनर्लाभ कार्ययोजना ३६

५.१ विषयगत जिम्मेवारी र सहयोगी संघसंस्थाहरुः ३६

५.२ कार्यक्षेत्रगत रूपमा पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी कार्ययोजना ३७

५.२.१ समन्वय, खोजी तथा उद्धार ३७

५.२.२ खाद्य तथा कृषि क्षेत्र ४०

५.२.३ आपतकालीन आश्रय स्थल ४१

५.२.४ आपतकालीन स्वास्थ्य र पोषण ४२

५.२.५ आवास तथा गैर खाद्य क्षेत्र ४३

५.२.६ आपतकालीन शिक्षा ४४

५.२.७ खानेपानी तथा सरसफाई ४५

५.२.८ संरक्षण क्षेत्र: ४६

५.२.९ बन्दोबस्ती क्षेत्र ४७

५.२.१० तत्कालीन पुनर्लाभ ४८

५.३ विषय क्षेत्रगत रूपमा पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी कार्ययोजना ४८

५.३.१ बाढी पुर्व तयारी योजना (रौतहट जिल्लाको प्रमुख समस्यामा आधारित) ४८

५.३.२ बाढी प्रतिकार्य योजना ५०

खण्ड - च ६४-७८

विविध ६४

६.१ मौज्दात विपद् उद्धार सामग्रीहरुको विवरण: ६४

६.२ आपतकालिन अवस्थामा उद्दारको लागि हेलिप्याड सम्बन्धी विवरण ६७

६.३ नेपाली सेना ६९

६.४ नेपाल प्रहरी ६९

६.५ सशस्त्र प्रहरी बल ७१

६.६ राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ७२

६.७ एम्बुलेन्स रहेको स्थान सम्पर्क कार्यालय ७२

६.८ स्थानीय तहका पदाधिकारीको सम्पर्क कार्यालय ७५

६.९ Early Warning System ७८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## परिचय

### १. जिल्लाको परिचयः

मधेश प्रदेश अन्तर्गत पर्ने ८ वटा जिल्ला मध्ये रौतहट एक हो। यो जिल्लाको नाम "राउत" र "हट" भन्ने शब्द मिलेर बनेको हो भन्ने भनाई रहेको छ। जसको अर्थ राउत भन्नाले खास गरी यादव जातिको थरलाई बुझाउछ र हट शब्दको अर्थ बजार, बसोबास, बस्ती, स्थान भन्ने बुझाउछ। तसर्थ रौतहट शब्दको अर्थ यादवहरुको बस्ती भएको ठाउँ भन्ने बुझिन्छ। नेपाल-भारत अंग्रेज युद्धको समयमा इष्ट इण्डिया कम्पनीले नेपाललाइ आक्रमण गर्ने क्रममा वि.सं. १८७१ मंसिर ११ गते रौतहट जिल्लाको वडहर्वामा आक्रमण गरि सरदार परशुराम थापा सहित १५० जना शहिद भएको र अंग्रेजहरुले रौतहट जिल्लाको समनपुर इलाकामा तैनाथ रहेको थियो। समनपुर इलाकाको स्थानीयहरु तत्कालीन नेपाली सेनाको सहकार्यमा वि.सं. १८७१ पौष १८ गते आक्रमण गरी शानदार विजय प्राप्त गरी लडैया समनपुरको नाममा अहिले पनि परिचित रहेको छ।

रौतहट नेपालको मधेश प्रदेशको दक्षिण-पूर्वी तराई क्षेत्रमा अवस्थित जिल्ला हो। समथर भौगोलिक बनौट, तातो हावापानी, उत्तरपट्टिको वनजंगल, बागमति नदी, चाँदीखोला, झाँझखोला, लालबकैया खोला जस्ता नदीनाला र विभिन्न जातजातीहरूको बसोबास, रहनसहन, भेषभुषाको विविधता रहेको यस जिल्लाले मित्रराष्ट्र भारतको विहार राज्यको सितामढी जिल्लासँग ३२ कि.मी. लम्बाइमा साझा दशगजाले मात्र छुट्याएको जिल्ला हो। यसर्थमा यो जिल्ला भौगोलिक, साँस्कृतिक, धार्मिक र पर्यावरणीय हिसाबले धनी रहेको छ।यसको पूर्वमा वागमति नदीले छुट्याएको सर्लाही जिल्ला, पश्चिममा बारा जिल्ला हुदै धनसर खोला, उत्तरमा मकवानपुर जिल्लाको चुरे क्षेत्र र दक्षिणमा भारतको विहार राज्यको सितामढी जिल्ला रहेको छ। यो जिल्ला समुन्द्री सतहबाट न्यून उचाईमा रहेको, अधिकाँस गाँउहरु बागमती, लालबकैया, झाँझ र चाँदी नदीको किनारमा अब्यवस्थित रहेको, उचित ढल निकासको व्यवस्थाको अभाव, र दक्षिणी सीमाबर्ती क्षेत्रमा निर्माण गरिएका बाँधहरुका कारण बर्षेनी डुवानको समस्याले ग्रस्त हुने गरेको छ। त्यस्तै गरी मानवीय कारणले हुने आगलागी, महामारीको प्रकोपले समेत यो जिल्ला प्रभावित छ। खुल्ला दिशा मुक्त जिल्ला घोषणा भएता पनि ब्यक्तिगत सरसफाईमा पर्याप्त ध्यान नदिनाले जिल्लाको केही गाउँ बस्तीमा खुल्ला दिशा गर्ने प्रबृतिका कारण वर्षेनी पानीजन्य रोगहरुबाट समुदाय प्रभावित हुने गरेको छ।

### १.१. भौगोलिक अवस्थितिः

नेपालको मधेश प्रदेशमा अवस्थित यस जिल्लामा स्थानीय निकाय संरचना अनुसार १६ वटा नगरपालिका र २ वटा गाउँपालिका रहेका छन्। यस जिल्लाको पूर्वमा बागमती नदी तथा झाँझ खोला र पश्चिममा लाल बकैया र अडुवा खोला, उत्तरमा चुरे पर्वत र दक्षिणमा मित्र राष्ट्र भारत सीमाङ्कन रहेको छ।

तालिका नं १

| | |
|---|---|
| अक्षांश | २६° ४४' देखी २७° १४' उत्तरी अक्षांश |
| देशान्तर | ८५° १४' देखी ८५° ३०' पुर्वी देशान्तर |
| पुर्व | (वागमति नदीले सर्लाही जिल्लासंग छुट्याएको तर नदीपारी समेत राजदेवी न.पा.को एक तथा दुर्गाभगवती गा.पा.को एक गरी २ वटा वडा रहेको। |
| पश्चिम | बारा जिल्ला तथा धनसर खोला |
| उत्तर | मकवानपुर जिल्लाको चुरे क्षेत्र |
| दक्षिण | भारतको विहार राज्यको सितामढी (थोरै मात्रामा पूर्वी चम्पारण जिल्ला समेत) |
| उचाई | समुद्र सतहबाट १२२ मिटर देखि २४४ मिटर सम्म |
| स्थानीय तह | १८ वटा (१६ वटा नगरपालिका, २ वटा गाँउपालिका) |
| कुल क्षेत्रफल | १,१२६ वर्ग कि.मि. (१,१२,६०० हेक्टर) |
| पुर्व पश्चिम लम्बाई-औसत | ३० कि.मी. पुर्व-पश्चिम |
| उत्तर दक्षिण चौडाइ-औसत | ५२ कि.मी. उत्तर-दक्षिण |

| | |
|---|---|
| राजमार्गको लम्बाई | २७ कि.मी. |
| भारतसंग जोडिएको सिमानाको लम्बाई | ३२ कि.मी. |
| जिल्ला सदरमुकाम | गौर (पूर्वपश्चिम राजमार्गदेखि ४२ कि.मी. दक्षिण, भारतसंगको सीमा नजिक) |
| कुल जनसंख्या | ८,१३,५७३ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| हावापानी | उष्ण मनसुनी हावापानी |
| टेलिफोन कोड | ०५५ |
| भाषा | बजिका ६०.३%, उर्दु १९.३%, नेपाली ६.१%, भोजपुरी ४.३%, थारु ३.३%, मैथिली ३.०%, तामाङ्ग १.७% |
| जाती | मुस्लिम, यादव, थारु, मल्लाह, ब्राह्मण, भुमिहार, डोम, चमार, ठाकुर, बनिया |
| धर्म | हिन्दु, ईश्लाम, बौद्ध, ईसाइ |
| मुख्य चाडपर्व | दशै, तिहार, छठ, होली, रमजान, ईद |
| साक्षरता | ५७.७५% (७७ औं जिल्ला) |
| मुख्य आर्थिक केन्द्रहरु | गौर, चन्द्रनिगाहपुर, गरुडा र कटहरिया |
| उद्योग | १,५१५ लघु घरेलु उद्योग र १,२६१ साना तथा मझौला र ठुला उद्योग |
| स्वास्थ्यकेन्द्र | १ जिल्ला अस्पताल, ४ प्राथमिक स्वास्थ्य केन्द्र, ९३ स्वास्थ्य केन्द्र |
| बहु-आयामिक गरिबी सुचकांक | ४६.४३ % |
| मानव विकास सूचाङ्क | ०.३८७ (मधेश प्रदेशको सबभन्दा कम) |

### १.२ भौगोलिक अवस्था

यस जिल्लाको भौगोलिक अवस्थालाई हेर्दा जिल्लाको पूर्वमा सर्लाही, पश्चिममा बारा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको बिहार राज्यको सितामढी जिल्ला र पूर्वी-चम्पारण जिल्ला पर्दछ। समुद्र सतहबाट १२२ मिटर देखि २४४ मिटर सम्मको उचाईमा अवस्थित रौतहट जिल्लाको क्षेत्रफल १,१२६ वर्ग-किलोमिटर (१,०३,७०९ हेक्टर) छ। प्राय एकै किसिमको भूगोल रहेका कारण समथर भुभाग उल्लेख्य रहेको छ। उत्तरमा मकवानपूरको चुरेक्षेत्र रहेका कारण स्थानीय जनजीवन पहाडी प्रभाव देखिन्छ भने दक्षिण तर्फ भारतको जनजीवनसंग मिल्दो देखिन्छ। तथापि जिल्लाको जनजीवन प्राय मिल्दोजुल्दो नै देखिन्छ। यहाँका मानिसहरू जाडोमा न्यानोको लागि बाक्ला लुगा लगाउने र गुँइठा तथा परालको आगो ताप्ने गर्दछन भने गर्मीमा पातला कुर्ता धोतीको प्रयोग गर्दछन। चन्द्रनिगाहापुर, नुनथर, जुडिवेला, गैडाटार, जंगलसहिया, विजयपूर, बालचनपुर, मौलापुर, कटहरिया, समनपुर, गरुडा, गौर, इशनाथ, घ्युरा, राजपुर, राजदेवी आदि यस क्षेत्रका प्रमुख स्थानहरू हुन। चरम गरिवीका कारण यहाँको जनजीवन कठिन छ र उत्पादनको परम्परागत शैलीका कारण न्यून उत्पादन र उद्योगधन्दा क्रमश घट्दै गएका कारण बरोजगारी बढ्दो छ। पर्यटनका कमजोर पूर्वाधार र सीमापार व्यापारका लागि निर्यातका लागि तुलनात्मक वस्तु उत्पादन उत्पादन हुन नसकेका कारण जनताहरूको जीवनस्तर माथि उठ्न सकेको छैन। अझैपनि परम्परागत खेतीपाती र पशुपालन तथा मत्यपालन यस जिल्लाका धेरै बासिन्दाहरूको मुख्य पेशा रही आएको छ।

सिमा क्षेत्रका नाकाहरु :- ब्रम्हपुरी, लक्ष्मीपुर वेलबिछवा, गौर न.पा., बन्जरहा, औंरैया, मठिया, जोकहा, रामपुरखाप, नरकटिया, सरमुजवा गरी जम्मा (१०) नाका रहेका छन। बोर्डरको दुरीः-३२ कि.मि.

नेपाल-भारतिय सिमामा रहेका पिलरको संख्यात्मक बिबरण :- (तालिका नं २)

| मुख्य | सहायक | सानो | रिफरेन्स | जम्मा | हराएको सिमा स्तम्भ | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सानो | जम्मा |
| १५ | २९ | ११५ | ३ | १६२ | ३ | १३ | १६ |

### १.३ बनजंगल

डिभिजन वन कार्यालय, रौतहटको पछिल्लो तथ्यांक अनुसार यस जिल्लाको कूल क्षेत्रफल १०३८५६ हेक्टर रहेको छ, जसमध्ये ३०१७७ हेक्टर वा २९.०५% भू–भाग वन क्षेत्रले ढाकेको पाईन्छ। तर कुल क्षेत्रफलको १०% मात्र वन रहेको पाइन्छ। डिभिजन वन कार्यालय, रौतहटको २०८१/०८२ को तथ्याङ्क अनुसार जिल्लाको कुल वनक्षेत्रको हस्तान्तरित ४३ वटा सामुदायिक वनले कुल ८२५७.१४३ हे. क्षेत्रफल ओगटेको छ भने ३ वटा साझेदारी वनले ११,९२७.९७ हे. क्षेत्रफल तथा ४ वटा धार्मिक वनले ५१.७२ हे. क्षेत्रफल ओगटेको छ। साथै यस जिल्लाको १०५२.९२ हेक्टर वनक्षेत्र धनसर ब्लक फरेष्टको रुपमा रहेको छ।

### १.४ हावापानीः

उष्ण मनसुनी हावापानी : यो जिल्ला २६°४४' देखि २७°१४' उत्तरी अक्षांश र ८५°१४' देखि ८५°३०' सम्मको पूर्वी देशान्तरमा फैलिएको मध्य तराईमा पर्ने जिल्ला हो। सवै भूभाग तराइ क्षेत्रमा पर्ने भएकाले उष्ण मनसुनी हावापानी पाइन्छ। यस क्षेत्रमा औषत वर्षा २१२५ मिलिमिटर सम्म हुन्छ। हिउदमा औषत १० डिग्री र वर्षादमा ४४ डिग्रीसम्म तापक्रम रहन्छ। जाडो मौषममा महिना दिनसम्म पनि हुस्सु वा कुहिरोले जनजीवन प्रभावित रहन्छ भने गर्मी मौषममा अधिक तापक्रमले लु चल्ने अवस्था रहन्छ। यस जिल्लाको पूर्व तर्फ बागमति नदी, पश्चिम तर्फ लालवकैया, धनसर तथा अडुवा खोला, उत्तरमा चुरे श्रृंखला, वीचभागमा झाँझ खोला पर्ने भएकाले नदीखोलाहरुले ठाँउ ठाँउबाट चिरेका कारण बाढीजन्य जोखिम छ। दक्षिणमा भारतले दशगजा क्षेत्रबाट ५० मीटरमा वाँध बाधेका कारण बाढीबाट डुवाउ हुने उच्च जोखिममा रहेको जिल्ला हो।

### १.५ नदीनाला, ताल तथा पोखरी

यस जिल्लामा पूर्व तर्फ बागमति नदी, पश्चिम तर्फ लालवकैया, धनसर तथा अडुवा खोला, उत्तरमा चुरे श्रृंखला, वीचभागमा झाँझ तथा मनुस्मरा खोला बग्दछ। वरहवा ताल(गौरादह), मर्धरताल जस्ता तालहरु साथै इशनाथ पोखरी, माधवनारायण पोखरी, खेसरहिया पोखरी, बसन्तपुर पोखरी, मुडहरवा पोखरी लगायत प्रायः सवै स्थानीय गाउहरुमा विभिन्न प्रकारका पोखरीहरु रहेका छन। यस्ता ताल तथा पोखरीहरु पर्यटकीय र धार्मिक आस्थाका केन्द्रका रुपमा विकसित हुने चरणमा छन।

### १.६. जैविक विविधता

जिल्लाभर एकैनासको उष्ण मनसुनी हावापानी पाईने हुनाले जैविक विविधता कमै पाइन्छ। विभिन्न किसिमका जीव तथा वनस्पतिहरू पाईन्छन्। हात्ती, जंगली वदेल, स्याल, खरायो, नीलगाइ(घोडगधा), चितल, वाघ, चितुवा, मृग, जस्ता स्तनधारी जनावरहरुको वासस्थान रहेको पाइन्छ। सुगा, वनकुखुरा, वकुल्ला, सारस लगाएतका विभिन्न प्रजातीको चराहरु, विभिन्न प्रकारका कोब्रा, करेत, धामन जातका सर्प तथा अजिंगर, गोहोरो, लगायत विभिन्न प्रजातीको सरिसृप तथा विभिन्न प्रकारका भ्यागुता तथा टोड जस्ता उभयचर पाईन्छन। साल, सतिसाल, सिमल, सिसौ, खयर, वाँझी, अस्ना, सिन्धुरे र अन्य विविध किसिमका रुख विरुवा पाईन्छ भने उष्ण मनसुनी जलवायुमा हुने विभिन्न प्रजातीहरू पाईन्छ। साथै यस क्षेत्रमा हर्रो, वर्रो, अमला, गुर्जो र सर्पगन्धा जस्ता औषधीजन्य संकटापन्न वनस्पतिहरू समेत पाइन्छ।

### १.७ धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक स्थलहरू

विभिन्न जातजाती, भाषाभाषी, सम्प्रदाय र धर्मावलम्बीहरूको बसोबास रहेको यस जिल्ला विभिन्न धार्मिक एवम् साँस्कृतिक रूपले महत्वपूर्ण छ। तालतलैया, मठ मन्दिर, चर्चहरु, मस्जिदहरू, गुम्बा, गढी, धामहरु रहेका छन। छठीघाटहरु तथा ताल तलैयाहरुका साथै राजदेवी मन्दिर, शिवनगर मन्दिर, पौराई ब्रहम स्थान, पुरातात्विक बालेश्वर महादेव मन्दिर, विष्णु मन्दिर, दुर्गा भगवती मन्दिर, सपहीमाइ मन्दिर, इशनाथ वावा लगायतका अनेकौं धार्मिक, सांस्कृतिक एवम् पुरेनवा दरवार ऐतिहासिक स्थलहरू यस जिल्लामा रहेका छन।

### १.८ प्रशासनिक विभाजन

रौतहट जिल्लाको सदरमुकाम गौर हो।मधेश प्रदेशको दोश्रो सानो जिल्लाको रुपमा परिचित रौतहट जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र ४ वटा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र ८ वटा रहेका छन। नेपालको मधेश प्रदेशमा अवस्थित यस जिल्लामा साविकमा ८४ वटा गा.वि.स. र ३ वटा नगरपालिका कायम रहेकोमा स्थानीय निकाय पुन संरचना अनुसार यस जिल्लामा १६ वटा नगरपालिका र २ वटा गाउँपालिका कायम भएका छन्। स्थानीय तहहरु १८ वटा रहेकोमा २ वटा गाउँपालिका

(दुर्गाभगवती र यमुनामाइ) र १६ वटा नगरपालिका (गौर, राजदेवी, राजपुर, परोहा, बौधिमाइ, ईशनाथ, मौलापुर, कटहरिया, फतुवाविजयपुर, देवाहीगोनाही, गरुडा, गढीमाइ, बृन्दावन, माधवनारायण, गुजरा र चन्द्रपुर) रहेका छन।

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## १.९. जनसंख्या

वि.स. २०७८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ को २.८% अर्थात ८,१३,५७३ जना बसोबास गर्दछन् । यस मध्ये पुरूषको संख्या ४,०८,४१३.६ (५०.२%) तथा महिलाको संख्या ४,०५,१५९ (४९.८%) रहेको छ । यस जिल्लामा परिवार संख्या १,३७,०३२ घरधुरी बसोबास गर्दछन्, परिवारको औसत आकार ५.९४% व्यक्ति प्रति घरपरिवार रहेको छ। लैंगिक अनुपात १००.८०, जनघनत्व ७२३ व्यक्तिहरु प्रतिवर्ग कि.मि. र वार्षिक जनसंख्या वृद्धिदर १.६३% रहेको छ, साक्षरता ५७.८% रहेको छ।

## १.१०. जात जाती, भाषा र धर्म

यस जिल्लामा मुख्यरुपमा ब्राह्मण, मुस्लिम, यादव, कायस्थ, राजपुत, थारु, मल्लाह, भुमिहार, कानू, विन, दुसाध, कलवार, मारवाडी, कुर्मी, कोडरी, तत्मा, पासवान, डोम, चमार, ठाकुर, बनिया, क्षेत्री, नेवार लगायतका दर्जनौ जातजातीको वसोवास रहेको छ। यसवाहेक तामाङ्ग, गुरुङ्ग, मगर समेतको उल्लेख्य उपश्थिति रहेको छ। थोरै संख्यामा ढाँगर जातिको समेत वसोवास छ। भाषामा बजिका भाषा वोल्ने समुदाय ठुलो छ। यहाँको भाषा मध्ये बजिका ६०.३%, उर्दु १९.३%, नेपाली ६.१%, भोजपुरी ४.३%, थारु ३.३%, मैथिली ३.०%, तामाङ्ग १.७% रहेका छन। हिन्दु, ईश्लाम, बौद्ध, ईसाइ धर्म मुख्य छन भने दशै, तिहार, छठ, होली, रमजान, ईद लगायतका पर्व मनाइन्छ।

## १.११ प्रमुख व्यापारिक नाका तथा केन्द्रहरू:

यस जिल्लामा खासगरी नुनथर, जुडिवेला, गैडाटार, समन्तपुर, जंगलसहिया, विजयपूर, मौलापुर, कटहरिया, समनपुर, गरुडा, विश्रामपुर, गौर, इशनाथ, घ्यूरा, राजपुर, राजदेवी आदि यस क्षेत्रका प्रमुख स्थानहरू हुन। उत्पादनको परम्परागत शैलीका कारण न्यून उत्पादन र उद्योगधन्दा क्रमश घट्दै गएका कारण बरोजगारी बढ्दो छ र चरम गरिवीका कारण यहाँको २८ प्रतिशत मानिसको जीवन कष्टकर छ। पर्यटनका कमजोर पूर्वाधार र सीमापार व्यापारका लागि निर्यातका लागि तुलनात्मक वस्तु उत्पादन उत्पादन हुन नसकेका कारण जनताहरूको जीवनस्तर माथि उठ्न सकेको छैन। अझैपनि परम्परागत खेतीपाती र पशुपालन तथा मत्यपालन यस जिल्लाका धेरै बासिन्दाहरूको मुख्य पेशा रही आएको छ। पूर्व-पश्चिम राजमार्ग जिल्लाको उत्तरी क्षेत्रमा रहेको छ भने हुलाकी राजमार्ग जिल्लाको वीचभागबाट निर्माण भएको भएतापनि पुलहरु निर्माण हुन ढिलाइ भएका कारण व्यापारिकरुपमा प्रयोगमा आउन सकेको छैन।

## १.१२. सूचना तथा संचारको अवस्था

यस जिल्लामा १० वटा एफ.एम. रेडियो, एउटा टेलिभिजन, वर्गिकरणमा परेका ६ वटा पत्रपत्रिका सहित विभिन्न पत्रपत्रिका, विभिन्न अनलाइन मिडिया तथा जिल्ला हुलाक कार्यालय १, हुलाक काउण्टर-१, अतिरिक्त हुलाक कार्यालय-६७ वटा रहेका।

## १.१३ स्वास्थ्य संस्थाहरुको विवरण/अवस्था

जिल्लामा कुल २२५ वटा स्वास्थ्य संस्था रहेका छन। कुल मध्ये ६२ वटा निजी स्वास्थ्य संस्थाहरु र १६३ वटा सरकारी स्वास्थ्य संस्थाहरुले निरन्तर सेवा सेवा प्रदान गरिरहेका छन। यसका अलवा गाउघर क्लिनिक खोपकेन्द्र र समय समयमा हेल्थ क्याम्पहरुबाट समेत स्वास्थ्य सेवा प्रदान गर्ने गरिएको छ।

(तालिका नं ३)

| स्थानीय तह | सरकारी | | | | | निजी | कुल |
|---|---|---|---|---|---|---|---|
| | अस्पताल/ नगर अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | शहरी/आधारभूत स्वा. सेवा केन्द्र | जम्मा | अस्पताल क्लिनिक | जम्मा |
| चन्द्रपूर | १ | ० | ४ | ३ | ८ | ६ | १४ |
| गुजरा | ० | ० | ५ | ५ | १० | ६ | १६ |
| फतुवा विजयपूर | ० | ० | ५ | ३ | ८ | ३ | ११ |
| कठहरिया | ० | १ | ५ | ३ | ९ | ० | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बृन्दावन | ० | ० | ५ | ४ | ९ | २ | ११ |
| गढीमाइ | ० | ० | ६ | ३ | ९ | ३ | १[illegible] |
| माधव नारायण | ० | ० | ८ | २ | १० | २ | १२ |
| गरुडा | ० | ० | ९ | ६ | १५ | १४ | २९ |
| देवाही गोनाही | ० | ० | ५ | ४ | ९ | ० | ९ |
| मौलापूर | ० | १ | ३ | २ | ६ | २ | ८ |
| बौधिमाइ | ० | ० | ५ | ५ | १० | ७ | १७ |
| परोहा | १ | ० | ६ | ३ | १० | १ | ११ |
| राजपूर | ० | १ | ४ | ४ | ९ | १ | १० |
| यमुनामाइ | ० | ० | ४ | १ | ५ | ३ | ८ |
| दुर्गाभगवती | ० | १ | ४ | १ | ६ | १ | ७ |
| राजदेवी | ० | ० | ७ | ५ | १२ | ० | १२ |
| इशनाथ | ० | ० | ६ | ३ | ९ | २ | ११ |
| गौर | १ | ० | १ | ७ | ९ | ९ | १८ |
| जम्मा | ३ | ४ | ९२ | ६४ | १६३ | ६२ | २२५ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## १.१४ शैक्षिक संस्थाहरुको विवरण/शिक्षाको अवस्था

(तालिका नं ४)

| शैक्षिक संस्था | सामुदायिक | संस्थागत | जम्मा संख्या |
|---|---|---|---|
| कक्षा १०+२ | ६३ | ६ | ६९ |
| नमूना मा.वि. | ११ | | ११ |
| मा.वि. कक्षा १० | १०० | २२ | १२२ |
| कक्षा १-८ | ३४२ | ६७ | ४०९ |
| मदरसा | | | २५ |
| खुला विद्यालय | | | १ |
| विशेष शिक्षा सञ्चालित | | | ७ |
| फिडर छात्रावास | | | १ |
| सामुदायिक सिकाइ केन्द्र | | | ४० |
| क्याम्पस | | | १४ |
| साक्षरता प्रतिशत | जम्मा - ५७.८% | [पुरुष- ६६.०२% | महिला- ४९.४८ %] |

## १.१५ बैंक तथा वित्तीय संस्थाहरू:

यस जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाको विवरण निम्नानुसार रहेको: (तालिका नं ५)

| क्र.सं. | बैंक तथा वित्तीय संस्था | शाखा रहेका स्थान |
|---|---|---|
| १. | नेपाल बैंक लिमिटेड | गौर, राजदेवी, गढीमाई, कटहरिया, चन्द्रपुर |
| २. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | गौर, ईशनाथ, मौलापुर, गरुडा, चन्द्रपुर |
| ३. | कृषि विकास बैंक लिमिटेड | गौर, गरुडा, चन्द्रपुर |
| ४. | ग्लोबल आई.एम.ई. बैंक | गौर, गढीमाई, फतुवा विजयपुर, चन्द्रपुर |
| ५. | नबिल बैंक लिमिटेड | देवाही गोनाही, चन्द्रपुर |
| ६. | एन.एम.बि. बैंक | चन्द्रपुर, गरुडा |
| ७. | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | चन्द्रपुर |

| | | |
|---|---|---|
| ८. | प्रभु बैक लिमिटेड | गौर, गरुडा, परोहा, चन्द्रपुर |
| ९. | एन.आई.सि. एशिया बैंक लिमिटेड | गौर, कटहरिया, बौधीमाई,गरुडा, गुजरा, चन्द्रपुर |
| १०. | कुमारी बैक लिमिटेङ | यमुनामाई, चन्द्रपुर |
| ११. | प्राईम बैंक | गरुडा, |
| १२. | हिमालयन बैंक लिमिटेड | गरुडा |
| १३. | एभरेष्ट वैक | गरुडा, चन्द्रपुर |
| १४. | लक्ष्मी सनराईज बैंक लिमिटेड | गौर, दुर्गाभगवती, चन्द्रपुर |
| १५. | माछापुच्छ्रे बैंक लिमिटेड | गौर, बृन्दावन, |
| १६. | गुहेश्वरी मरचेन्ट बैंककिङ्ग एण्ड फाइनेन्स | मौलापुर |
| १७. | सिद्धार्थ बैंक लिमिटेड | गरुडा, माधवनारायण, चन्द्रपुर |
| १८. | नेपाल एस.बि.आई.बैंक लिमिटेड | राजपुर, चन्द्रपुर, |
| १९. | लुम्बिनी बिकास बैंक | गौर, गरुडा, |
| २०. | सिटिजन बैंक लिमिटेड | गरुडा |
| २१. | सानिमा बैंक लिमिटेड | चन्द्रपुर |
| २२. | गरिमा विकास बैंक लिमिटेड | चन्द्रपुर |
| २३. | ज्योति विकास बैंक लिमिटेड | चन्द्रपुर |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

# योजनाको उद्देश्य र आवश्यकता

## २.१ योजनाको उद्देश्यः

विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तर्जुमा गर्नुको उद्देश्य निम्नानुसार रहेको छः

क)जिल्लाभित्र हुनसक्ने सबै प्रकृतिका विपद्जन्य घटनाको पूर्वतयारी गर्ने एवम् त्यस्ता घटनाहरूको तत्काल हुने प्रतिकार्यलाई वस्तुनिष्ट एवम् प्रभावकारी बनाउने,

ख)जिल्लामा हुन सक्ने सम्भावित विपद् जोखिम स्थान र प्रभावित हुन सक्ने जनसंख्याको पहिचान गर्ने,

ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा विभिन्न सूचना सञ्जालको प्रयोग गरी नागरिकलाई सु-सूचित गर्ने,

घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति, समूह वा निकायको जिम्मेवारी र भूमिका स्पष्ट रूपमा तोक्ने,

ङ) विपद् जोखिम स्थानहरूको विश्लेषण गरी सुरक्षित स्थानमा व्यवस्थापन गर्न सहजीकरण गर्ने,

च) पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने,

छ)विपद्को समयमा खोज, उद्धार, उपचार तथा राहतका लागि आवश्यक भौतिक स्रोतसाधन र दक्ष जनशक्तिको प्रबन्ध गर्ने,

ज) विपद् व्यवस्थापनका लागि स्थानीय समुदाय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघ/संस्थाबीच प्रभावकारी समन्वय गरी परिचालन गर्ने,

झ)विपद् प्रभावितलाई तत्काल राहत र अस्थायी बसोबासको प्रभावकारी व्यवस्थापन गर्ने,

ञ) उपलब्ध स्रोत साधन तथा जनशक्तिको अवस्था हेरी RRT गठन गर्ने र आवश्यकता बमोजिम परिचालन गर्ने,

ट) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा दोहोरोपना हुन नदिने।

## २.२ योजनाको अपेक्षित नतिजा

**यस योजनाले प्राप्त गर्न खोजेको परिणामहरू मुख्यतया निम्न रहेका छन् ;**

क. जिल्लाभित्र हुनसक्ने सबै प्रकृतिका विपद्जन्य घटनाको पूर्वतयारी गर्ने एवम् त्यस्ता घटनाहरूको तत्काल हुने प्रतिकार्यलाई वस्तुनिष्ट एवम् प्रभावकारी बनाउने,

ख. विपद् जोखिम/संकटासन्नताको अवस्थाको आधारमा जोखिम विश्लेषण हुनेछ,

ग. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय समुदायहरू सचेत हुनेछन्,

घ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संलग्न सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग प्रभावकारी सहयोग, समन्वय र सहकार्य हुनेछ,

ङ. विपद्को समयमा स्थानीय निकाय तथा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाइनेछ,

च. विपद् प्रतिकार्यका सन्दर्भमा खोज तथा उद्धार लगायतका लागि आवश्यक दक्ष जनशक्ति तयार हुनेछन्।

छ. विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संलग्नतामा गठित विभिन्न विषयगत क्षेत्रहरूबाट विशिष्ट तथा प्रभावकारी कार्यसम्पादन हुनेछ।

ज. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका क्रियाकलापहरू व्यवस्थित एवम् प्रभावकारी सम्पन्न हुनेछन्,

झ. विपद्का कारण प्रभावित हुने जनसमुदाय, कार्यालयहरू तथा आयवजनाका संख्यामा न्यूनता आएको हुने छ।

**संक्षेपमा यस योजनाबाट सबै सरोकारवाला निकायहरुले निम्न वमोजिमको उपलब्धि हासिल गर्न सक्षम हुनेछन;**

अ) समन्वय बैठक तथा पद्धति स्थापना गर्न

आ) प्रकोप तथा जोखिम नक्सा तयार गर्न

इ) सवै निकायहरुको भूमिका पहिचान गर्न

ई) बाढी प्रभावित क्षेत्रमा योजना तर्जुमा गर्न

उ) साझेदार निकायको सम्पर्क सूची तयार गर्न
ऊ) हरेक निकायमा सम्पर्क व्यक्ति तोक्न
ऋ) जिल्ला विपद् समितिले सवै विषयगत अगुवाहरुलाई बाढीमा आधारित प्रतिकार्य योजना तर्जुमा गर्न निर्देशन दिन
ऌ) साधन/स्रोतको आंकलन गर्न
ऍ) प्रतिकार्यको साझा मापदण्डमा सहमति गर्न
ऐ) विस्थापितहरुलाई राख्नका लागि शिविरको स्थान पहिचान गर्न
ए) खोज तथा उद्धार टोलीको गठन गर्न

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## २.३ योजनाको सीमितताः

यस योजनाका निम्नानुसार आधारभूत सीमितता रहेका छन् ;

क. संकटासन्नताको अवस्थालाई वैज्ञानिक सर्वेक्षणका आधारमा नभई विपद्को प्रवृत्ति (Trend), गाउँपालिका स्तरमा स्थानीय जनप्रतिनिधिहरू, विपद् व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न रहँदै आएको सुरक्षा संयन्त्र, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत गै.स.स.हरू र अन्य सरोकारवालाहरूसँगको छलफल अन्तरक्रियाका साथै विगतका योजना, तथ्याङकहरूका आधारमा अवस्था पहिचान गरिएको।

ख. सबै स्थानीय तहबाट स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भइ नसकेकोले स्थानीयस्तरको योजनाको आधारमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गर्न नसकिएको।

ग. जोखिम तथा प्रकोपहरूको स्तरीकरण, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन योजना, यस अघिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, मनसून पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाहरूको अध्ययन एवम् विभिन्न सरोकारवालाहरूसँगको छलफल तथा प्रतिवेदनलाई आधार मानी तर्जुमा गरिएका कार्यहरुलाई सम्पन्न गर्न।

घ. योजना मुताविक कार्यक्रमहरू सञ्चालन गर्न पर्याप्त आर्थिक तथा मानवीय स्रोतको कमी भएमा योजनाको प्रभावकारी कार्यान्वयनमा प्रभाव पर्न सक्नेछ।

ङ. जलवायु परिवर्तनका कारण अप्रत्यासीत रुपमा सृजना हुने विपद् घटनाको पूर्वानुमान र पूर्वसूचनामा कठिनाई हुनु।

च. Cluster lead हरू अन्य जिल्लामा हुनु, Co-lead को उपस्थिति नहुनु, स्थानीय तहमा यसको अभ्यास शुरुवात नहुनु, जिल्ला विपद् व्यवस्थापन समितिसँग विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्ने रकम नहुनु यसका सिमितता हुनु।

## २.४ विपद् व्यवस्थापनका लागि अवलम्वन गरिने रणनीति,

### क. एकद्वार नीति (One Door Policy):

विपद् व्यवस्थापनका लागि एकद्वार नीति प्रमुखरुपमा अवलम्बन गरिनेछ। जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्वार नीति अनुरूप समग्र समन्वय र व्यवस्थापनको काम हुनेछ। प्रमुख जिल्ला अधिकारी वा जिल्ला विपद् व्यवस्थापन समितिले कुनै सरकारी निकायलाई समन्वयका लागि जिम्मेवारी दिन सकिनेछ। यो नीति विपद् व्यवस्थापनका लागि मस्तिष्कका रुपमा रहनेछ।

### ख. विषयगत समन्वय (Thematic Cluster):

जुनसुकै कारणबाट हुन सक्ने विपद्को व्यवस्थापनका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र सरोकारवालको सहभागितामा विभिन्न ९(नौ) वटा विशिष्टिकृत विषयगत क्षेत्र तोकिने छ। ती विषयगत क्षेत्रहरूसँगको समन्वयमा विपद् व्यवस्थापनका कार्यहरू सञ्चालन गरिनेछ।

### ग. मानव श्रोत बैंक (Human Resource Bank):

विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सबै सरकारी, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रहरूले विपद् पूर्व (Pre Disaster), विपतको समय (During Disaster), तथा विपद् पश्चात (Post Disaster), को समयमा कार्य गर्न सक्ने जनशक्ति तयार गरी जुनसुकै समयमा परिचालन हुनसक्ने गरी व्यवस्था मिलाइने छ। जनशक्ति तयार गर्दा जिल्ला विपद् व्यवस्थापन

समितिसँगको समन्वयमा सकेसम्म विपद् व्यवस्थापनका सबै क्षेत्र समेट्ने गरी जस्तै खोज तथा उद्धार, मनोसामाजिक परामर्श, स्वास्थ्य परीक्षण सेवा, QRT, RRT, STF, ERT, DDRT, Fire Fighting, स्वयमसेवक लगायत क्षमता विकास गर्नुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

घ. विपद् व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी (Major Responsibility):

जुन स्थानीय तह अन्तरगतको क्षेत्रमा विपद्जन्य घटना घटेको छ, सोही स्थानीय तह विपद् व्यवस्थापन गर्न मुख्य जिम्मेवार हुनेहुनाले सो स्थानीय तहले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेछ। साथै अन्य स्थानीय तहहरू तथा सरोकारवाला निकायहरुले सहयोगीको भूमिका निर्वाह गर्नेछन्। विपद् व्यवस्थापनका लागि स्थानीय तहहरू तथा संघीय र प्रदेश सरकारका विभिन्न निकायहरूवीच समन्वय गर्ने जिम्मेवारी जिल्ला विपद् व्यवस्थापन समितिको हुनेछ। जिल्ला समन्वय समितिले स्थानीय तहको समन्वय गर्ने महत्वपूर्ण कार्य सम्पादन गर्नेछ।

ङ. District and Lead Support Agency:

जिल्लामा हुने सवै प्रकारका विपद् व्यवस्थापन कार्यमा प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी स्रोत व्यवस्थापन, विपद् व्यवस्थापन सामग्री व्यवस्थापन, विपद् जन्य घटना र त्यसको व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कहरूको नियमित अद्यावधिक गर्ने विषयगत क्लष्टरहरूसँग समेत समन्वय सहकार्य गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्नु सबैको कर्तव्य हुनेछ।

च. एकद्वार सूचना प्रणालीः

विपद् व्यवस्थापनको सन्दर्भमा सूचनाको संकलन, प्रशोधन, वर्गीकरण र सम्प्रेषणका लागि जिल्लास्थित आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) मार्फत एकद्वार प्रणालीबाट गरिनेछ। स्थानीय तहको हकमा पालिकास्थित स्थानीय विपद् कार्य सञ्चालन केन्द्र (LEOC) मार्फत सूचना व्यवस्थापन कार्य गरिनेछ।

छ. अन्य

जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले सबै क्लस्टरहरूसँग आवश्यक समन्वय, सहयोग, समझदारी, सहकार्य, निर्देशन र नियन्त्रण कायम गर्नेछ। विपद् व्यवस्थापनमा जिल्ला विपत व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सहकार्य हुनेछ साथै विपद् व्यवस्थापनमा सबै सरकारी ,गैरसरकारी, निजी क्षेत्रले सहयोग गर्नु कर्तव्य हुनेछ।

## २.५ विपद् व्यवस्थापन सम्बन्धी संबैधानिक कानूनी तथा नीतिगत व्यवस्थाहरू

### २.५.१ नेपालको संविधानः

नेपालको संविधान २०७२ ले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार राहात एवम् पुनर्स्थापना गर्ने कार्यलाई प्राकृतिक साधन स्रोतको संरक्षण सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिमा समावेश गरिएको साथै प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी उद्धार तथा राहात र पुनर्लाभ संघ र प्रदेशको साझा अधिकारको रूपमा परिभाषित गरीनुका साथै विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा स्थानीय तहको अधिकार सुचीमा समेत समावेश गरी विपद् व्यवस्थापन कार्यलाई संबैधानिक रूपमा नै सुनिश्चित गरेको छ।

### २.५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४:

यस ऐन अनुसार स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी देहाय बमोजिमको विभिन्न जिम्मेवारी निर्धारण गरेको छः

क. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून मापदण्ड योजनाको कार्यान्वयन अनुगमन र नियमन गर्ने,

ख. स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पूर्व सूचना प्रणाली खोज तथा उद्धार राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय गर्ने,

ग. स्थानीय तटबन्ध नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने,

घ. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने,

ङ. विपद् व्यवस्थापनमा संघ, प्रदेश, स्थानीय समुदाय संघ संस्था तथा निजी क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गर्ने,

च. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने,

छ. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा कार्यान्वयन अनुगमन र मुख्याङ्कन गर्ने,

ज. विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पूर्ननिर्माण,

झ. स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने,

ञ. स्थानीय आपतकालीन कार्य सञ्चालन,

ट. समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन लगायत विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

**२.५.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, नियमावली, (पहिलो संशोधन)२०८२:**

जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद् व्यवस्थापनका सम्बन्धमा तयारी, प्रतिकार्य तथा पुनर्लाभका विभिन्न जिम्मेवारी तोकिएको छ। नियमावलीले ऐनका प्रावधानहरूलाई प्रष्ट पार्नुका साथै प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रतिवेदन गर्नुपर्ने प्रावधान राखेको छ।

**२.५.४ १६औं आवधिक योजना (२०८२/८१-२०८५/८६):**

क. विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी. ल्याउन विभिन्न निकायहरूबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकिकृत रूपमा सञ्चालन गर्ने।

ख. एकीकृत सूचना केन्द्र स्थापना गराउने।

ग. आपतकालीन कार्य सञ्चालन केन्द्रहरूमा अत्याधुनिक यन्त्र उपकरणहरूको उपयोग बढाउने।

घ. संघसस्थाहरूको समन्वय र सहकार्यमा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गराउने।

ङ. बस्ती, समुदायस्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि गाउँपालिका र वडाहरूमा विपद् सम्बन्धी जनचेतना मुलक गतिबिधिहरू सञ्चालन गर्ने/गराउने।

च. जलवायू परिवर्तनका नकारात्मक असरहरू न्यूनीकरण गराउन बिशेष कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने।

**२.५.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४**

क. पुनर्स्थापना र पुनर्निर्माणमा अझै राम्रो र अझै बलियो बनाऔ (Build Back Better) भन्ने अवधारणा अवलम्बन गर्ने,

ख. संघ, प्रदेश, स्थानीय र समुदाय स्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने,

ग. संघदेखि स्थानीय तहसम्म उद्धार टोली स्थापना गर्ने,

घ. विकास सँग सम्बन्धित प्रत्येक सार्वजनिक संस्थाहरूले कम्तिमा पाँच प्रतिशत वार्षिक वजेट स्थानीय विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउनु पर्ने,

ङ. बैंक तथा वितीय संस्थाहरूबाट विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गर्ने,

च. विपद्का कारण पर्न सक्ने क्षतिलाई सम्बोधन गर्न जीवन र गैर जीवन बीमामा योजनाहरू प्रवर्द्धन गर्ने,

छ. स्थानीय तह समुदाय सामुदायिक संस्था विद्यालय तथा अस्पतालहरूमा समावेशी विपद् जोखिम व्यवस्थापन समितिहरू गठन गर्ने,

ज. असुरक्षित स्थानहरूमा बस्ती विस्तार नियन्त्रण गर्ने तथा असुरक्षित वस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि प्रोत्साहन गर्ने लगायतका नीतिहरू समावेश गरेको।

**२.५.६ राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा, २०७०**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वयको ढाँचा उल्लेख गर्नुका साथै विपद् प्रतिकार्यका लागि तोकिएका जिम्मेवार नेतृत्वदायी निकायहरूले तोकिएको समायवधि भित्र सञ्चालन गर्नुपर्ने गतिविधिहरू समेत उल्लेख गरेको छ।

**२.५.७ दीगो विकास लक्ष्यहरू (सन् २०१५-२०३०)**

सुरक्षित पूर्वाधार निर्माण गर्ने, जलबायु परिवर्तन र यसका प्रभावको न्यूनीकरण गर्ने, समावेशी सुरक्षित दीगो शहरीकरण र बस्ती विकास गर्ने जस्ता लक्ष्यहरू समावेश गरेको छ।

२.५.८ विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधिहरू (आगलागी र मनसुनजन्य विपद्), विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८२ (प्रथम संशोधन), प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८०, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९, स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८, विपद् लेखाजोखा मागदर्शन -२०७२ को प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA)] खण्ड, सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७, विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड (सातौं संशोधन), २०७७ ।

**२.५.९ मधेश प्रदेश सरकारबाट र रौतहट जिल्लाका स्थानीय तहवाट जारी भएको विपद् सम्बन्धी ऐन, नियम, कार्यविधि, मापदण्डहरू**

१. मधेश प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५
२. प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५
३. पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७७
४. महेन्द्र नारायण निधि विपन्न आवास योजना कार्यान्वयन कार्यविधि, २०७८
५. मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना विमा कार्यविधि, २०७९
६. आर्थिक सहायता व्यवस्थापन कार्य विधि, २०८०
७. मधेश प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्थाहरु,
८. स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिहरु,
९. वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गतको योजना तथा परियोजनाहरू।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

# विपद् पूर्वतयारी, प्रतिकार्य तथा पूनर्लाभ योजना निर्माण प्रकृया

## ३.१ योजना निर्माणको प्रक्रिया

यस जिल्लाभित्रका विभिन्न समयका घटेका विपद् र त्यसका लागि चालिएका पूर्वतयारी तथा प्रतिकार्य योजनाहरुको बृहद अध्ययन पश्चात एउटा खाका तयार गरी चालु वर्षका लागि योजना निर्माण प्रकृया प्रारम्भ गरिएको थियो। जिल्लामा घटेका विपद्हरुको घटना विश्लेषण गरी विद्यमान र सम्भावित जोखिमहरूको विस्तृत विश्लेषण गरी सबै स्थानीय तह,सरकारी तथा गैरसरकारी निकाय एवम् निजी क्षेत्रहरूबाट विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सम्बन्धमा निर्मित पुरानो योजना, पृष्ठपोषण संकलन अभ्यास, गत आ.व.मा यस जिल्लाभित्र घटेका विपद्जन्य घटनाहरू एवम् अनुगमनमा देखिएका विषयहरू समावेश गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ तयार गरिएको छ। यस योजनामा समावेश गरिएका सूचना तथा तथ्याङ्कहरूलाई समयानुकूल परिमार्जन गरी प्रकाशन गरिएको छ। यस योजना तयारीमा;-

क. जिल्लाभित्रका विभिन्न समयका घटेका विपद् र त्यसका लागि चालिएका पूर्वतयारी तथा प्रतिकार्य योजनाहरुको बृहद अध्ययन,

ख. विपद् सम्बद्ध नौ वटै विषयगत क्षेत्रका संयोजक (Cluster lead) मध्ये उपलब्ध निकाय तथा सदस्यहरूसँग बृहद छलफल गरी ती क्षेत्रका क्षमता पहिचान।

ग. जिल्लाका १८ वटै स्थानीय तहका जनप्रतिनिधिहरू तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र सरोकारवाला निकायका पदाधिकारीहरूसँग छलफल गरी पृष्ठपोषण संकलन,

घ. विपद् जोखिम, संकटा सन्नताको अवस्था विश्लेषणका लागि स्थानीय तहका पदाधिकारीसँग छलफल अन्तरक्रिया,

ङ. जिल्लाभित्रका मुख्य मुख्य जोखिमयुक्त स्थानहरूको निरीक्षण तथा अवलोकन,

च. यस अघिका वर्षहरुमा जिल्लामा कार्यान्वयनमा रहेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाहरुको अध्ययन र पृष्ठपोषणको विश्लेषण,

छ. विभिन्न कार्यालयका सरकारी तथा गैह्रसरकारी संस्थाहरूद्वारा प्रकाशित प्रतिवेदन, जिल्ला प्रशासन कार्यालयमा रहेको सूचना तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रसुवाको प्रकाशनहरू, अन्य विभिन्न अध्ययन प्रतिवेदनहरू तथा तथ्याङ्कको आधारमा जोखिमको प्रवृत्ति एवम् परिणाम पहिचान,

ज. जिल्ला विपद्जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयारी,

झ. मस्यौदा उपर क्लष्टर प्रमुख, एवम् जिल्लाका सरोकारवालाहरूको बैठकमा योजनाको मस्यौदा उपर छलफल गरी पृष्ठपोषण संकलन,

ञ. क्लष्टर प्रमुख, एवम् जिल्लाका सरोकारवालाहरूको बैठकबाट तयार भएको मस्यौदा जिल्ला विपद् व्यवस्थापन समितिमा पेश भइ छलफल। सो समितिबाट विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ को मस्यौदा उपर संशोधनका बुंदा सहित स्वीकृति,

ट. जिल्लाभित्र विपद् व्यवस्थापनमा कार्यगर्ने सबै सरोकारवालाहरूको बैठकमा जिल्ला सुरक्षा समितिले दिएको सुझाव समेत समेटेर स्वीकृत मस्यौदाको अन्तिम रुप दिइ भाषागत शुद्धता समेत हेरी प्रकाशन।

## ३.२ पूर्वतयारी योजना (Preparedness Plan)

### ३.२.१ मानवीय सहायतामा संलग्न हुन सक्ने साझेदार निकायहरूको पहिचान

विपद् व्यवस्थापनका लागि नेपाल सरकारले विभिन्न कानूनी, संस्थागत तथा संरचनागत व्यवस्था गरेको छ। सो अनुरुप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम रौतहट जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति क्रियाशील रहेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जिल्ला विपद्

व्यवस्थापन समितिलाई आवश्यक सहयोग, समन्वय तथा सहकार्यका लागि अनुसूचीमा उल्लेख भए बमोजिम निम्नानुसार स्थानीय तह, सरकारी तथा गै.स.स. एवम् निजी क्षेत्र, नागरिक समाज क्रियाशील रहनेछन्। विपद् जोखिमका आधारमा अन्य अन्तराष्ट्रिय तथा राष्ट्रिय गै.स.स. तथा अन्य संस्थाहरूको समेत सहभागिता हुन सक्नेछ। विपद् व्यवस्थापनका दृष्टिकोणले मुख्यता देहाय बमोजिम उल्लेख गर्नसकिन्छ;-

क. स्थानीय तहहरु:- रौतहट जिल्लामा १८ वटा स्थानीय तहहरु रहेका छन। जसमा १६ वटा नगर पालिका र २ वटा गाउँपालिकाहरू रहेका छन। स्थानीय श्रोतसाधन परिचालनमा यी स्थानीय तहहरु क्रियाशिल रहेका छन।

ख. जिल्लामा रहेका सबै सरकारी कार्यालय (संघ, प्रदेश तथा स्थानीय तह अन्तर्गतका कार्यालय),

- जिल्ला प्रशासन कार्यालय, गौर, रौतहट,
- सबै सुरक्षा निकायहरु, रौतहट, (विस्तृत अनुसूचीमा समावेश छ)
- सडक डिभिजन कार्यालय, चन्द्रपुर,
- बागमती सिंचाइ आयोजना, सर्लाही
- गण्डक सिंचाइ आयोजना, पर्सा
- झाँझ मनुस्मारा सिंचाइ कार्यालय, गौर, रौतहट,
- ढल्केवर पथलैया सडक आयोजना,
- स्वास्थ्य कार्यालय, गौर, रौतहट,
- शिक्षा विकास तथा समन्वय इकाइ, गौर, रौतहट,
- प्रादेशिक अस्पताल, गौर, रौतहट,
- डिभिजन वन कार्यालय, चन्द्रपुर, रौतहट (८ वटा सव डिभिजन वन कार्यालय)
- जलस्रोत तथा सिँचाई विकास कार्यालय, चन्द्रपुर, रौतहट,
- पूर्वाधार विकास कार्यालय, गौर, रौतहट,
- नेपाल विद्युत प्राधिकरण, (गौर, मौलापुर, चन्द्रपुर) वितरण केन्द्र,
- नेपाल दूरसञ्चार कार्यालय, गौर, रौतहट, आदि।

ग. स्थानीय राजनीतिक दलहरू,

घ. रौतहट जिल्लामा कार्यरत सामाजिक संस्थाहरू,

ङ. रौतहट जिल्लामा कार्यरत राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू (NGOs/INGOs),

च. नेपाल रेडक्रश सोसाईटी, गौर, रौतहट जिल्ला शाखा,

छ. विभिन्न नागरिक समाजहरु,

ज. जिल्लामा सञ्चालित उद्योग, कलकारखानाहरू र रौतहट उद्योग वाणिज्य संघहरु

झ. व्यावसायिक हकहितका लागि क्रियाशील संस्था तथा निजी क्षेत्र,

ञ. बैंक तथा वित्तीय संस्थाहरू,

ट. होटल, रेष्टुरेष्ट तथा अन्य व्यवसायीहरू,

ठ. आम जनसमुदाय।

### ३.२.२ विपद्को क्षेत्र अनुसार खोज तथा उद्धार सामग्री व्यवस्थापन

यस जिल्लामा सम्भावित विपद् जोखिमको सबै क्षेत्र अनुसार विपद् व्यवस्थापन सामग्रीहरू प्रत्येक स्थानीय तहको आ-आफ्नो भण्डारण गृह तथा सदरमुकाम गौरमा जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी वल नेपाल नं ११ गण र विपद् क्षेत्रमा कार्यगर्ने गैरसरकारी संस्थाहरुमा विपद् व्यवस्थापन समाग्रीको भण्डारण गरिएको छ। खाद्यान्नको अभाव हुन नदिन स्थानीय बजारमा रहेको खाद्य मौज्दातको अवस्था नियमित रुपमा अद्यावधिक गरी सो बमोजिको प्रबन्ध समेत गरिनेछ। जिल्लाका सबै स्थानीय तह, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सहयोगमा जिल्ला विपद् व्यवस्थापन समितिको भण्डारण गृहमा अनुसूचीमा उल्लेखित सामग्रीहरू व्यवस्थापन गरिनेछ। साथै जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायसँग रहेका विपद् व्यवस्थापन सामग्रीहरूको विवरण अद्यावधिक गरी सम्बन्धितले जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्ने व्यवस्था मिलाइएको छ भने स्थानीय तहका स्थानीय आपतकालिन सेवा केन्द्रमा समेत सामाग्री भण्डारणको व्यवस्था मिलाइएको छ।

### ३.२.३ जनचेतना अभिवृद्धि

विपद्को समयमा उद्धार तथा राहत वितरण गर्नुभन्दा यसबारे जनचेतना अभिबृद्धि गर्नु र आम नागरिकलाई सुरक्षित राख्नु उत्तम हुन्छ भन्ने मान्यतामा कार्य गरिनेछ। यसका लागि विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सबै स्थानीय तहहरु, जिल्लामा क्रियाशील सरोकारवाला निकाय र सवै राजनीतिक दलहरू, सरकारी गैरसरकारी संघसंस्थाहरू, सञ्चार माध्यम तथा युवा क्लबहरु, स्थानीय महिला सञ्जालहरू, विद्यालयहरु मार्फत समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा समय समयमा जनचेतना अभिवृद्धि गर्ने कार्य सञ्चालन गरिनेछ।

### ३.२.४ स्रोत नक्साङ्कन

क. विपद् व्यवस्थापन कार्यमा सरिक हुने सबै निकायहरूले आफ्नो स्रोत परिचालन गर्नुपूर्व अनिवार्य रूपमा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउनु पर्नेछ। प्रमुख जिल्ला अधिकारीले खर्चको दोहोरोपना नहुने गरी आवश्यकतानुसार स्रोत परिचालन गर्न सहजीकरण गर्नुपर्नेछ। सो को समष्टिगत जानकारी प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला विपद् ब्यबस्थापन समितिलाई गर्ने व्यवस्था मिलाइने छ।

ख. प्रत्येक स्थानीय तहले विपद् व्यवस्थापन कोष सञ्चालन गरी हरेक आर्थिक वर्षको वार्षिक विनियोजन मार्फत निश्चित रकम उक्त कोषमा जम्मा गर्ने र सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई गराउनु पर्नेछ। श्रोत व्यवस्थापनमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबीच समन्वय हुने व्यवस्था मिलाइनेछ।

ग. जिल्लामा क्रियाशील सम्पूर्ण गैर सरकारी संस्था, निजी क्षेत्रहरूले विपद् व्यवस्थापन कार्यमा मात्र खर्च गर्ने गरी हरेक वर्ष आफ्नो कार्यक्रममा निश्चित रकम अनिवार्य रूपमा विनियोजन गर्नुपर्नेछ। उक्त विनियोजित रकम सम्बन्धी जानकारी अनिवार्य रूपमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई गराउनुपर्नेछ। उक्त रकम खर्च विपद् व्यवस्थापनका प्राथमिकता अनुसार खर्च गर्नुपर्ने र जिल्ला विपद् व्यवस्थापन समितिमा खर्चको अनुमोदन गराउनुपर्ने व्यवस्था गर्ने व्यवस्था मिलाइने छ।

घ. जिल्लाभित्र सञ्चालित प्रत्येक कम्पनी तथा उद्योगहरुले विपद् व्यवस्थापन कार्यमा मात्र खर्च गर्ने गरी हरेक वर्ष आफ्नो कार्यक्रममा निश्चित रकम अनिवार्य रूपमा विनियोजन गरी सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई गराउनु पर्ने व्यवस्था गरिनेछ।

उक्त रकम खर्च गर्दा प्राथमिकता प्राप्त कार्यमा मात्र खर्च गर्नुपर्ने र जिल्ला विपद् व्यवस्थापन समितिलाई खर्चको जानकारी गराउनु पर्ने व्यवस्था मिलाइने छ। नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा रौतहट, नेपाल उद्योग बाणिज्य संघ रौतहट तथा अन्य कमर्सियल संस्था लगायतका संघ संस्थाहरूले आफूसँग भएको विपद् व्यवस्थापन कार्यमा खर्च गर्न सकिने वित्तीय र जिन्सी स्रोतको नियमित जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई गराउनु पर्नेछ।

ङ. जिल्ला तथा स्थानीयस्तरमा सञ्चालित सार्वजनिक कार्यालय, संघ संस्थाहरू, संस्थागत विद्यालय तथा क्याम्पसहरूले समेत हरेक आर्थिक वर्षमा निश्चित रकम विपद् व्यवस्थापन कार्यमा मात्र खर्च गर्ने गरी विनियोजन गर्ने र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई गराउनु पर्नेछ। सवै गैरसरकारी संस्थाहरु तथा स्थानीय क्लबहरु, आर्थिक परिचालन समुहहरु, आमा समूह तथा जेष्ठ नागरिक समुहहरु, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य समुहहरु तथा नेपाल स्काउट मार्फत आवश्यक सहयोग तथा समन्वय गरिने छ।

च. सवै निकायहरुले आफुसँग रहेका विपद् व्यवस्थापनको सन्दर्भमा प्रयोग हुनसक्ने औजार उपकरणहरूको यथार्थ जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउनु पर्नेछ। त्यस्ता सामग्रीहरू जिल्ला/स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम एकिकृतरुपमा परिचालन हुनेछन्।

### ३.२.५ प्रकोप जोखिम विश्लेषण

२०७२ सालको विनाशकारी भूकम्पपछि गरिएको राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट भएको Geo Hazard Survey, मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाहरु स्थानीय तहस्तरमा भएको छलफलबाट प्राप्त तथ्यगत विवरण, नमूना स्थलगत अवलोकन एवम् विभिन्न सरकारी गैरसरकारी निकायहरूले प्रकाशन गरेका तथ्याङ्क र पूर्व योजना दस्तावेज समेतका आधारमा जिल्लाको विपद् जोखिमको अवस्था विश्लेषण गरी संकटासन्नताको अवस्था निम्नानुसार पहिचान पारिएकोछ।

संकटासन्नताको अवस्थालाई विश्लेषण गर्दा यस जिल्लाको पछिल्लो ३ वर्षको तथ्याङ्कका आधारमा विपद् जोखिमलाई निम्नानुसार प्राथमिकता अनुसार प्रस्तुत गर्न सकिन्छः-

१. बाढी, डुवान र कटान,
२. सडक दुर्घटना,
३. आगलागी/वन ढडेलो,
४. करेन्टलागी
५. सर्पको टोकाइ तथा जंगली जनावरको आक्रमण,
६. हावाहुरी,
७. चटयाङ्,
८. भूकम्प,
९. महामारी।

**यसको विस्तृत विवरण तलको अर्को खण्डमा गरिएको छ।**

### ३.२.६ पूर्व सूचना प्रणालीः

मौसमी पूर्व सूचनाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग र विपद्को क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाले जिल्ला प्रशासन कार्यालयको समन्वयमा पूर्व सूचना प्रणाली स्थापना गरिएको छ। महामारीजन्य पूर्वसूचनाका लागि Health Emergency Operation

Center सँग सहकार्य गरिनेछ। यस जिल्लाका निम्न स्थानमा पूर्व सूचना प्रणाली तथा River Watch Station रहेका छन्।

क. जल तथा मौसम विज्ञान विभाग बबरमहल काठमाण्डौ — ११५५ (हटलाईन), SMS System

ख. बामगती नदी गेस रिडर बागमती नदी चन्द्रपुर, रौतहट (निलाम्बर खनाल) — ९८४४०४९६१२

ग. बर्षा मापन केन्द्र गरुडा (बैशीराज जैशवाल) — ०५५-५६५२३८

घ. लालबकैया खोला बाढी मापन यन्त्र- स.प्र वल सुरक्षावेस, निजगढ ९८५५०१९१५२,

ङ. DEOC गौर -०५५-५२०४२४

विपद् सम्बन्धी सूचना तथा जानकारीहरु DEOC, LEOC, सामाजिक सञ्जाल, स्थानीय पत्रकार समूह, कार्यालय प्रमुख समूह लगायतका WhatsApp/ Viber/Messenger समूह निर्माण गरी सञ्चालनमा ल्याइएको छ। जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित सरकारी कार्यालयहरुको वेबसाईट र फेशबुक पेज मार्फत समेत सूचना सम्प्रेषण गर्ने गरिएको छ। साथै विपद् क्षेत्रमा कार्य गर्ने गैर सरकारी संस्थाहरुले समेत यस कार्यमा सहयोग गर्ने व्यवस्था मिलाइएको छ।

## रौतहट जिल्लामा विपद्को अवस्था र जोखिमको विश्लेषण

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

### ४.१ विपद्को अवस्था विश्लेषण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका क्रममा रौतहट जिल्लामा घटेका विपद्को अवस्था विश्लेषण गरी यो योजना निर्माण गरिएको छ। यसका लागि रौतहट जिल्लामा घटेका विपद्को प्रकृति र विपद्का घटनाहरुको विगतका वर्षहरुको तथ्याङ्क अध्ययन गरिएको छ। यस आधारमा हेर्दा आर्थिक वर्षका विपद्का घटनाहरुको विवरण यस प्रकार रहेको छ।

#### ४.१.१ आ.व.२०८०/०८१ विपद्को घटना र ती घटनाहरुवाट भएको क्षतिको विवरण (तालिका नं ६)

| सि.नं. | बिवरण | घट्ना संख्या | मानिस | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजानिक क्षति | पिडित परिवार संख्या | कुल क्षति रु. (हजारमा) | सुरक्षाकर्मी परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | घाईते | | | बेपत्ता | | | | | | | | | | | |
| | | | म. | पु. | बा. | म. | पु. | बा. | म. | पु. | बा. | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| १ | आगोलागी | २१९ | ३ | १ | ० | ५ | ९ | ४ | ० | ० | ० | ६५ | २२ | १४ | ५० | ५३ | १० | १०९५ | १२,४१,१२.२ | १७६५ |
| २ | बाढी | ३ | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २२ | ० | ० | ६ | ० | ४५ |
| ३ | हावाहुरी | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ० | ० | २,९०.५ | २५ |
| ४ | चटयाङ | ३ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | १२.५ | ३० |
| ५ | करेन्ट लागी | ३५ | ३ | १० | ० | ९ | ७ | ५ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | १४० | ० | १७५ |
| ६ | जनवार आक्रमण | ९ | १ | १ | ० | १६ | १२ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३६ | ० | ३६ |
| ७ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | पोखरिमा डुवी | ३७ | ४ | ८ | १९ | १ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४८ | ० | ११५ |
| ९ | अन्य (सर्प टोकाई) | ३ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | ० | १५ |
| जम्मा | | ३१४ | १४ | २३ | २० | ३१ | ३० | २० | ० | १ | ० | ७१ | २२ | १४ | ५० | ६० | १० | १४३४ | १२,४४,१५.२ | २२०६ |

यो आर्थिक वर्षमा ५७ जना मानिकसको मृत्यु भएको र १ जना मानिस वेपत्ता भएको देखिन्छ भने ८१ जना मानिस घाईते भएका थिए। कुल ६० वटा गोठमा क्षति भइ ७१ चौपाया मरेका र १४ चौपाया घाइते भएका थिए भने मानिसका पक्की र कच्ची गरी ६४ वटा वासस्थान क्षति भएको थियो। विपद्बाट १४३४ परिवार पीडित भइ कुल १२ करोड ४४ लाख वरावरभन्दा वढीको क्षति भएको पाइन्छ।

## ४.१.२ आ.व.२०८१/०८२ विपद्को घटना र ती घटनाहरुवाट भएको क्षतिको विवरण (तालिका नं ७)

| सि.नं. | घटना शिर्षक | घट्ना संख्या | मानिस | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजानिक क्षति | पिडित परिवार संख्या | कुल क्षति रु. (हजारमा) | सुरक्षाकर्मी परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | घाईते | | | बेपत्ता | | | | | | | | | | | |
| | | | म. | पु. | बा. | म. | पु. | बा. | म. | पु. | बा. | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| १ | आगलागी | १६५ | ३ | ० | ० | २० | १२ | २ | ० | ० | ० | २५ | ३० | १० | ३२ | २८ | १ | ७०५ | ६२३२०.३ | ८१७ |
| २ | बाढी | १ | ० | १ | ३ | २ | ६ | १ | ० | ० | ० | ८ | ३४ | ७२ | २८१३ | १०१ | ३ | ५५९५ | ८५८६२.५ | ३५० |
| ३ | हावाहुरी | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ४९ | २ | ० | ० | ४७३१.० | १०५ |
| ४ | चटयाङ | ४ | ० | १ | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | २० | २० |
| ५ | करेन्ट लागी | ५८ | ४ | १४ | ७ | १६ | १२ | ४ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ८० | ० | १३४ |
| ६ | जनावर आक्रमण | ३५ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | २५ | ४ | ० | ३१ | ६३३ | २७ |
| ७ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | पोखरिमा डुवी | २९ | १ | ८ | १७ | ० | २ | १ | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ८९ | ० | १०९ |
| ९ | अन्य (सर्प) | ६ | २ | ० | १ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५ | ० | ३५ |
| | जम्मा | २९४ | १० | २४ | २८ | ४० | ३७ | १० | ० | २ | १ | ३६ | ६४ | ८२ | २९१९ | १३५ | ४ | ६५३३ | १५३५६६.८ | १५९७ |

आर्थिक वर्ष २०८१/८२ मा ६२ जना मानिसको मृत्यु भएको र ३ जना मानिस वेपत्ता भएको देखिन्छ भने ८७ जना मानिस घाईते भएका थिए। कुल १३५ वटा गोठमा क्षति भइ ३६ चौपाया मरेका र ६४ चौपाया घाइते भएका थिए भने मानिसका पक्की र कच्ची गरी ३००१ वटा वासस्थान क्षति भएको थियो। विपद्बाट ६५३३ परिवार पीडित भइ कुल १५करोड ३५ लाख वरावरभन्दा वढीको क्षति भएको पाइन्छ। विपद्मा अघिल्लो आर्थिक वर्षमाभन्दा यो वर्ष बढी क्षति भएको देखिन्छ।

## ४.१.३ चालु आ.व.२०८२/०८३ को चैत्र मसान्तसम्मको विपद्को घटना र ती घटनाहरुवाट भएको क्षतिको विवरण (तालिका नं ८)

| सि.नं. | घटना शिर्षक | घट्ना संख्या | मानिस | | | | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजनिक क्षति रु. (हजारमा) | पिडित परिवार संख्या | कुल क्षति रु. (हजारमा) | सुरक्षाकर्मी परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | | घाईते | | | | बेपत्ता | | | | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| | | | म. | पु. | बा. | जम्मा | म. | पु. | बा. | जम्मा | म. | पु. | बा. | जम्मा | | | | | | | | | |
| १ | आगोलागी | १२९ | ० | ० | ० | ० | ७ | ४ | १ | १२ | ० | ० | ० | ० | ३८ | २५ | ३ | ३९ | ३० | ०.०१ | ६७२ | ३३६७४.४ | ४९५ |
| २ | बाढी | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ५२ | १९२१ | ११० | ६३० | ११८५६ | ३६३३८८.१ | २८५ |
| ३ | हावाहुरी | ६ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | चट्याङ | १ | ० | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८० | २२ | ० | १३ |
| ५ | करेन्ट लागी | ३८ | ४ | १० | १ | १५ | ९ | १३ | १ | २३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७१ | ० | १३० |
| ६ | जनावर आक्रमण | ४१ | ० | ० | ० | ० | ९ | १९ | १२ | ४० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २२ | ० | २२ | २२ |
| ७ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | पोखरिमा डुवी | २२ | ० | ५ | १७ | २२ | ० | ० | ० | ० | ० | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ४१ | ० | १२४ |
| ९ | अन्य(सर्पले टोकी) | ८ | २ | २ | ३ | ७ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ | ० | २५ |
| जम्मा घटना | | २४० | ७ | १७ | २३ | ४७ | २८ | ३६ | १४ | ७८ | ० | २ | १ | ३ | ३९ | २५ | ५५ | १९६० | १४० | ७३२.०१ | १२६७५ | ३९७०८४.५ | १०९४ |

योजना निर्माण गरिन लागेको चालु आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा कुल २४० वटा विभिन्न विपदका घटना घटेको तथ्याङ्क छ। जसमा ४७ जना मानिकसको मृत्यु भएको र ३ जना मानिस वेपत्ता भएका छन भने ७८ जना मानिस घाईते भएका छन्। कुल १४० वटा गोठमा क्षति भइ ३९ चौपाया मरेका र २५ चौपाया घाइते भएका छन भने मानिसका पक्की र कच्ची गरी २०१५ वटा वासस्थान क्षति भएको छ। विपद्बाट १२६७५ परिवार पीडित भइ कुल ३९ करोड ७० लाख वरावरभन्दा वढीको क्षति भएको पाइन्छ। खास गरी २०८२ सालको असोज कार्तिकमा भएको वर्षा र वाढीबाट पीडित हुनेको संख्या अत्याधिक रहेको छ। विपद्मा अघिल्ला आर्थिक वर्षहरुभन्दा यो वर्ष बढी क्षति भएको देखिन्छ। अर्थात विपदका घटनाहरु वृद्धि हुदै गएको र क्षति समेत वढ्दै गएको देखिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## ४.१.४ तिन वर्षको एकमुष्ट विपद् तथ्याँङ्क (आ.व. २०८०/८१, आ.ब. २०८१/८२ र आ.ब. २०८२/८३ को चैत्र मसान्तसम्मको) (तालिका नं ९)

| सि.नं. | घटना शिर्षक | घट्ना संख्या | मानिस | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजनिक क्षति रु. (हजारमा) | पिडित परिवार संख्या | कुल क्षति रु. (हजारमा) | सुरक्षाकर्मी परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | घाईते | | | बेपत्ता | | | | | | | | | | | |
| | | | म. | पु. | बा. | म. | पु. | बा. | म. | पु. | बा. | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| १ | आगलागी | ५१३ | ६ | १ | ० | ३२ | २५ | ७ | ० | ० | ० | १२८ | ७७ | २७ | १२१ | १११ | ०.०२१ | २४७२ | २२०१०६.९ | ३०७७ |
| २ | बाढी | ५ | २ | २ | ३ | २ | ६ | १ | ० | १ | ० | ९ | ३४ | १२४ | ४७५६ | २११ | ६३० | १७४५७ | ४४९२५०.६ | ६८० |
| ३ | हावाहुरी | २१ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४९ | ९ | ० | ० | ४७३१ | १३० |
| ४ | चटयाँङ | ८ | १ | २ | २ | १ | २ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ८० | ३० | ३२.५ | ६३ |
| ५ | करेन्ट लागी | १३१ | ११ | ३४ | ८ | ३४ | ३२ | १० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | २९१ | ० | ४३९ |
| ६ | जनावर आक्रमण | ८५ | १ | १ | ० | २५ | ३३ | १८ | ० | ० | ० | ० | ० | ० | २५ | ४ | २२ | ६७ | ६५५ | ८५ |
| ७ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | पोखरिमा डुबी | ८८ | ५ | २१ | ५३ | १ | ४ | ६ | ० | ४ | २ | ० | ० | ० | ० | ० | ० | २७८ | ० | ३४८ |
| ९ | अन्य (सर्प) | १७ | ५ | ३ | ५ | २ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४७ | ० | ७५ |
| | | ८६८ | ३१ | ६४ | ७१ | ९९ | १०३ | ४४ | ० | ५ | २ | १४४ | १११ | १५१ | ४९५१ | ३३५ | ७३२.०२१ | २०६४२ | ६७४७७६.२ | ४८९७ |

चालु आ.व. चैत्रमसान्तसम्म सहित अघिल्ला दुइ आ.ब.को एकमुष्ट तथ्याङ्क हेर्ने हो भने सवैभन्दा देहायको अवस्था विद्यमान रहेको देखिन्छ:-

१. घटनाको संख्यात्मक विवरण हेर्दा सवैभन्दा वढी विपद्का घटना आगलागी देखिन्छ जहाँ ५१३ वटा घटना भएको देखिन्छ। १४८ वासस्थानमा र १११ गोठमा क्षति पुगेको यो घटनामा ७ जना मानिसको मृत्यु भएको र घाइतेको संख्या ६४ रहेको छ जहाँ २२ करोडको क्षति भएको छ।

२. मानवीय क्षतिको हिसावले हेर्ने हो भने पोखरीमा डुवेर मृत्यु हुने दर बढी छ। यसका कारण कुल ८८ वटा घटनामा ५३ जना वालवालिका सहित ७९ जनाको मृत्यु भएको र ११ जना घाइते भएको देखिन्छ। यसका अतिरिक्त करेन्टलागीको कारण मृत्यु हुने दर पनि उच्च छ। करेन्टलागीका १३१ घटना भएको देखिन्छ जसका कारण ५३ जनाको मृत्यू भएको र ७६ जना घाइते भएको देखिन्छ। मानवीय क्षतिमा घाइते वढी भएको हिसावले जनावरको आक्रमणका ८५ वटा घटनामा २ जनाको मृत्यु भएको र १८ जना बालबालिका सहित ७६ जना घाइते भएको देखिन्छ।

३. पीडित परिवार संख्या र भौतिक क्षतिको हिसावले हेर्ने हो भने बाढीका ५ वटा मात्र घटना भएका छन तर ७ जनाको मृत्यु भएको, ९ जना घाइते भएको तर १७४५७ परिवार पीडित भएको देखिन्छ जसका कारण झण्डै ४५ करोड वरावरको क्षति भएको तथ्याङ्क छ। बाढीका कारण ४८८० घरमा र २११ गोठमा क्षति भएको छ।

यसरी पछिल्ला ३ वर्षमा विपदकां ८६८ वटा घटनामा १६६ जनाको मृत्यु भएको २४६ जना घाइते भएको र ५हजारभन्दा वढी घरमा क्षति भै ६७ करोड ५० लाखभन्दा बढी भौतिक क्षति भएको देखिन्छ। विपद्का दृष्टिकोणले यो उल्लेख्य क्षति हो, यसको योजना बनाएर व्यवस्थापन गर्नुपर्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## ४.१.५ विपद् घटनाहरुको प्रकृतिअनुसार त्रिवर्षिय तुल्नात्मक तथ्याङ्क (आ.व. २०८०/८१, आ.ब. २०८१/८२ र आ.ब. २०८२/८३ को चैत्र मसान्तसम्मको) (तालिका नं १०)

| सि.नं. | आ.व. | घटना शिर्षक | घट्ना संख्या | मानिस | | | चौपाया | | घर/गोठ | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मृत्यु | घाईते | वेतपा | मृत्यु | घाईते | | |
| १ | ०८०/०८१ | आगलागी | २१९ | ४ | १८ | | ६५ | २२ | ११७ | |
| | ०८१/०८२ | | १६५ | ३ | ३४ | | २५ | ३० | ७० | |
| | ०८२/०८३ | | १२९ | ० | १२ | | ३८ | २५ | ७२ | |
| २ | ०८०/०८१ | बाढी | ३ | २ | ० | १ | ० | ० | २२ | |
| | ०८१/०८२ | | १ | ४ | ९ | | ८ | ३४ | २९८६ | |
| | ०८२/०८३ | | १ | १ | ० | ० | १ | ० | २०८३ | |
| ३ | ०८०/०८१ | हावाहुरी | ५ | ० | ० | ० | ० | ० | ७ | |
| | ०८१/०८२ | | १० | ० | ० | ० | ० | ० | ५१ | |
| | ०८२/०८३ | | ६ | ० | २ | ० | ० | ० | ६ | |
| ४ | ०८०/०८१ | चटयाँङ्ग | ३ | २ | ० | ० | ३ | ० | ० | |
| | ०८१/०८२ | | ४ | १ | ३ | ० | ० | ० | ० | |
| | ०८२/०८३ | | १ | २ | ० | ० | ० | ० | ० | |
| ५ | ०८०/०८१ | करेन्ट लागी | ३५ | १३ | २१ | ० | ३ | ० | ० | |
| | ०८१/०८२ | | ५८ | २५ | ३२ | ० | १ | ० | ० | |
| | ०८२/०८३ | | ३८ | १५ | २३ | ० | ० | ० | ० | |
| ६ | ०८०/०८१ | जनावर आक्रमण | ९ | २ | ३४ | ० | ० | ० | ० | |
| | ०८१/०८२ | | ३५ | ० | २ | ० | ० | ० | २९ | |
| | ०८२/०८३ | | ४१ | ० | ४० | ० | ० | ० | ० | |
| ७ | ०८०/०८१ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | |
| | ०८१/०८२ | | ० | ० | ० | ० | ० | ० | ० | |
| | ०८२/०८३ | | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | ०८०/०८१ | पोखरीमा डुबी | ३७ | ३१ | ८ | ० | ० | ० | ० | |
| | ०८१/०८२ | | २९ | २६ | ३ | ३ | ० | ० | ० | |
| | ०८२/०८३ | | २२ | २२ | ० | ३ | ० | ० | ० | |
| ९ | ०८०/०८१ | अन्य (सर्प टोकाई) | ३ | ३ | ० | ० | ० | ० | ० | |
| | ०८१/०८२ | | ६ | ३ | ४ | ० | ० | ० | ० | |
| | ०८२/०८३ | | ८ | ७ | १ | ० | ० | ० | ० | |
| जम्मा | | | ८६८ | १६६ | २४६ | ७ | १४४ | १११ | ५४४३ | |

### ४.१.६ सवारी दुर्घटना

विपद् व्यवस्थापनको लागि पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउदा सवारी दुर्घटनाको अवस्था समेत विश्लेषण गर्नुपर्ने हुन्छ। तीन वर्षको तथ्याँक हेर्दा सवारी दुर्घटनाको संख्या बढ्दै गएको देखिन्छ भने यसवाट घाइते हुने संख्या बढ्दै गइरहेको र मृत्यु हुनेको संख्या उल्लेख्य रहेको छ।

क) सवारी दुर्घटनाको त्रिवर्षिय तथ्याँङ्क {आ.व. २०८२/८३ को चैत्र मसान्तसम्मको तथ्याङ्क मात्र}

(तालिका नं ११)

| आ.व. | सडक दुर्घटना संख्या | घाईते | मृत्यु | सवारी कारवाही सख्या | कारवाही राजश्व (रु हजार) | अनुमानित सवारी क्षति सख्या | अनुमानित क्षति रकम ( रु हजार) | जनचेतना कार्यक्रम (पटक) | जनचेतना कार्यक्रमबाट लभान्वित सख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| ०८०।०८१ | ६७३ | ६७३ | ६६ | २१२९४ | २०२८१.५ | २५० | ५७१० | १७४८ | ६८४५१ |
| ०८१।०८२ | ८०८ | ८०८ | ६६ | ६२४८ | १४७३८ | ८२२ | ९७५५ | ७८४ | ४६१८४ |
| ०८२।०८३ | ८९५ | १४१६ | ३९ | ८०५५ | ८०७९.५ | ५४६ | ७१८० | ३६५४ | १०४७८३ |

श्रोत: जिल्ला ट्राफिक कार्यालय, रौतहट

ख) रौतहटमा सवारी दुर्घटना बृद्धिका मुख्य कारणहरु

- मुख्य सडकहरु समथर रहेका कारण तिव्र गतिमा चलाउने प्रवृत्ति
- मादक पदार्थ तथा लागुपदार्थ सेवन गरी सवारी चलाउनु
- मित्रराष्ट्र भारतको विहारको देखासिकी गरेर मोटरसाइक चलाउदा हेलमेट नलगाउने प्रवृत्ति,
- सवारीको क्षमताभन्दा वढी यात्रु बोक्ने प्रवृत्ति
- नियमित परिक्षण नगरिएका तथा पुराना र थोत्रा सवारीको प्रयोग हुनु
- चोरीका र भारतिय नं प्लेटका सवारीको अत्याधिक प्रयोग हुनु
- निर्माणाधिन सडकमा सवारी चलाउदा भएको असावधानी
- भित्री र ग्रामिण सडक साघुरा र कच्ची हुनु
- सडकसंगै जोडिएका टहराहरु र मानव वस्ती हुनु
- आवश्यकता अनुसारका सडक संकेत नहुनु
- समग्रमा ट्राफिक नियमको परिपालना नगर्नाले सडक दुर्घटना बढेको देखिन्छ।

ग) सवारी दुर्घटना न्यूनीकरणका लागि अपनाइका उपायहरु

- ट्राफिक प्रहरीको परिचालन गरी नियमित चेकजाँच, ट्राफिक नियम उलंघनकर्ता उपर कानूनी कारवाही तथा जरिवाना।
- जनचेतनामुलक कार्यक्रम विस्तार र निरन्तरता
- मादक पदार्थ तथा लागुपदार्थ चेकजाँच
- सरोकारवाला निकायहरुसंग समन्वय र निरन्तर सुरक्षाका विषयमा छलफल
- भारतिय नं प्लेटको सवारी नियन्त्रण लिने कार्यमा कडाइ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

## ४.२ जोखिम संवेदनशील क्षेत्रहरूको पहिचान

### ४.२.१ बाढी, पहिरो कटान, डुबान

रौतहट जिल्लालाई पाँचवटा नदीले उत्तर दक्षिण चिरेको छ। बागमति नदीले पूर्वतर्फ सर्लाहीसंग समेत सिमाना छुट्याएको छ। तर दुर्गाभगवती गाउपालिकाको एउटा वडा र राजदेवी नगरपालिकाको एउटा वडा गरी दुइवटा वडा बागमति नदी पूर्वतर्फसमेत पर्दछ। यसले गर्दा रौतहट जिल्लालाई सवैभन्दा बढी क्षति बागमति नदीले गर्ने गर्दछ। बाराबाट रौतहट प्रवेश गर्ने लालबकैया नदीले समेत जिल्लालाई उत्तिकै क्षति पुर्याउने गर्दछ। त्यसैगरी चाँदीखोला, झाँझ खोला र अरुवा खोलाले समेत वर्षादको समयमा जिल्लाका विभिन्न भागमा डुवान गर्ने गर्दछन। अत: यो जिल्ला बाढीबाट डुवान हुने र जमिनको कटान गरी बढी क्षति हुने जोखिम रहेको जिल्ला हो।

**क) बाढी, पहिरो कटान, डुबान लगायतका सम्भावित जोखिम ईलाका सहितको नक्सा**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

ख) नदीको तटबन्ध फुट्ने स्थानहरु डुबान ईलाकाको म्यापः-




**बागमती**

१. गढीमाई न.पा. ३ लक्ष्मिपुर
२. गढीमाई न.पा ५, समनपुर
२. राजदेवी न.पा.४ बसतपुर
३. राजदेवी न.पा. ९ ब्रम्हपुरी, काली मन्दिर
४. माघबनारायण न.पा. ८ रजवडा
५. दुर्गाभगवती गा.पा. मत्सरी
६. बृन्दाबन न.पा २ बिश्रामपुर

**लालबकैया**

१. कटहरिया न.पा.४ हर्षाहा
२. देवाहीगोनाही न.पा.५ पिपरा
३. देवाहीगोनाही न.पा.२ दोहा टोल
४. देवाहीगोनाही न.पा.१ करुनिया
५. राजपुर न.पा. २ फतुवा पुल र ९ बैरिया
६. ईशनाथ न.पा.१ बन्जराह
७. मौलापुर न.पा. १ मर्यादपुर
८. बौधिमाई न.पा. १ ईनरवा
९. गौर न.पा. ४ टिकुलिया र ८ सबगढा

ग) बाढी, पहिरो तथा डुबान प्रभावितलाई स्थान्तरण गर्नुपर्ने सम्भावित बैकल्पिक स्थानहरुको पहिचान तथा राहत व्यवस्थापन सुरक्षा योजना :-_विपद् जोखिमयुक्त ईलाकाहरु र उद्धार स्थलहरु समेत :- (तालिका नं १२)

| सि.नं. | नदी/खोला | प्रभाव पार्न सक्ने स्थानीय तह र वडाहरु | प्रभावित जनसंख्या (अनुमानित) | उद्धार स्थलहरु |
|---|---|---|---|---|
| १ | बागमती नदी | दुर्गाभगवती गा.पा.- ५ बडर्हवा र राजदेवी नपा सबै | ५०,००० | ➢ राजदेवी ८ आ.भु. बिद्यालय<br>➢ राजदेवी.९ ब्रम्हपुरी मा.बि.<br>➢ राजदेवी ७ नेमधारी मा.बि.<br>➢ दुर्गाभगवती गा.पा. ५ गेम सेन्टरको भवन. |
| २ | बागमती नदी/ बकैया नदी | गौर नगरपालिका सबै | ९,००० | ➢ जुद्ध मा.बि. गौर<br>➢ गौरी शंकर क्याम्पस |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

| सि.नं. | नदी/खोला | प्रभाव पार्न सक्ने स्थानीय तह र वडाहरु | प्रभावित जनसंख्या (अनुमानित) | उद्धार स्थलहरु |
|---|---|---|---|---|
| ३ | बागमती नदी/ बकैया नदी | दुर्गा भगवती गा.पा. १ पिपरा, २ भलोहिया, ३ मत्सरी, ४ पंचरुखी र माधवनारायण न.पा. ४ मानपुर, ५ मिठुअवा, ६ माधोपुर, ७ पिपरा रजवडा, ८ पिपरा, ९ गढौ भगवानपुर | ६,००० | ➢ सरस्वती मा.वि.गंगा पिपरा<br>➢ दुर्गा भगवती न.पा.को कार्यलय<br>➢ माधवनारायण न.पा.को कार्यलय |
| ४ | बागमती नदी | गुजरा नपा १ रंगपुर ,२ मैरा, ८ जयरामपुर, ९ सिमरा भवानीपुर | ३३०० | ➢ लचकाको दुई किनारा<br>➢ मा.बि. बिजयपुर |
| ५ | बागमती नदी | बृन्दावन न.पा. सबै र गढीमाई नगरपालिका सबै | ४,५०० | ➢ मा.बि.बृन्दावन<br>➢ गढीमाई न.पा.को कार्यलय |
| ६ | बकेया नदी | ईशनाथ नपा १ बन्जरहा,२ औंरैया,३ लवतना,४ महुलिया र राजपुर नपा ९ बैरिया | ३५०० | ➢ औंरैया जनता मा.वि.<br>➢ ईशनाथ न.पा. १ बाट तयार गरिएको बन्जरा भवन<br>➢ राजपुर न.पा.को कार्यालय |
| ७ | बकेया नदी | परोहा नपा ५ बसन्तपट्टी, ६ बसन्तपट्टी, ७ नरकटिया, ८ मोतिपुर, ९ रामपुरखाप | २१०० | ➢ ओम मा.बि.नरकटिया |
| ८ | बकेया नदी | बौधिमाई नपा सबै मौलापुर नपा ४ ईनरवारी, ५ कोपवा, ६ पिपरीया, ७ बंकुल, ८ सरमुजवा, ९ सरमुजवा | ८,००० | ➢ श्री प्रा.बि. बंकुल<br>➢ मा.वि. गम्हरिया |
| ९ | बकैया नदी | परोहा नपा १ जिगडिया, २ जिगडवा, ३ तेजापाकड, ४ लौकाहा र राजपुर नपा सबै । | ३,६०० | ➢ राजपुर न.पा.को कार्यालय<br>➢ परोहा न.पा.को कार्यालय |
| १० | बकैया नदी | देवाही गोनाही नपा १ सबै र माधवनारायण न.पा. १ दिपही, २ खसरैया, ३ सखुअवा | ३८०० | ➢ जय किसन मा.बि<br>➢ देवाही गोनाही न.पा.को कार्यालय |
| ११ | बकैया नदी / झाँझ खोला | गरुडा न.पा. सबै र कटहरिया न.पा. सबै | २४००० | ➢ जनता मा.बि.. कटहरिया<br>➢ कटहरिया धर्मशाला<br>➢ शहिद स्मृती प्रतिष्ठान |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

घ) लालबकैया नदीले क्षति पुर्‍याउन सक्ने संम्भावित स्थानहरु (तालिका नं १३)

| लालबकैया खोलाले प्रभावित पार्ने घरधुरी संख्या/स्थान | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | प्रहरी युनिट | असर पर्ने स्थान | घरधुरी संख्या | सुरक्षित स्थान (जस्तै २ तल्ले पक्की घर विद्यालय संघ संस्थाहरुको भवन | नजिकको सशस्त्र प्रहरी बलको युनिट | कै. |
| १ | ई.प्र.का. लक्ष्मीनिया | फतुवाविजयपुर न.पा.७ हर्षाहा | १२० | नभएको | वि.ओ.पि. लक्ष्मीनिया 9865888661 | |
| २ | | फतुवाविजयपुर न.पा.७ फतुवा | १४० | स्वास्थ्य चौकी फतुवा | | |
| ३ | | फतुवाविजयपुर न.पा.८ वुनियाँद | १३० | बाल ज्योती समुदायिक विद्यालय | | |
| ४ | | फतुवाविजयपुर न.पा.९ लक्ष्मीनिया | ८० | आधारभुत विद्यालय लक्ष्मीनिया | | |
| ५ | ई.प्र.का.सन्तपुर दो. | फतुवाविजयपुर न.पा. १ गम्हरिया | ६५ | दलित प्रा.वि.गम्हरिया | वि.ओ.पि. फतुवा ९८५१२७१०५२ | |
| ६ | ई.प्र.का.कटहरिया रौतहट | कटहरीया न.पा.- ४ हर्षाहा/बहादुरपुर टोल | १५० | जनता मा.वि.कटहरीया रौतहट विवाह मण्डप कटहरीया रौतहट | वि.ओ.पि.दुधियाभार ९८६४८४५९९९ | |
| ७ | अ.प्र.पोष्ट छेदीचौक रौतहट | कटहरीया न.पा.- १ झौवा/भसेडवा टोल | १०० | मा.वि.भसेडवा रौतहट | वि.ओ.पि. जंगलसहिया रौतहट- ९८५१२७१०५९ | |
| ८ | | कटहरीया न.पा.- २ हथियाही मुस्लिम टोल | २५ | मा.वि.भसेडवा रौतहट हथियाही मस्जिद | | |
| ९ | ई.प्र.का.देवाही गोनाही | देवाही गोनाही न.पा. ५ टिकुलिया टोल | १२० | टिकुलिया प्रा.वि., आ.वि. कर्कच गुठि | वि.ओ.पि.देवाहीगोनाही ९८५१२७१०५० | |
| १० | | देवाही गोनाही न.पा. ४ देवाही, दोहरखाप, फुलवरिया टोल | ४०० | सरस्वति मा.वि. | | |
| ११ | | देवाही गोनाही न.पा. १ बजार, करुनिया, करुनिया गोठ | २०० | स्थानिय विद्यालय र ५/७ जनाको २ तल्ले पक्की घर रहेको | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | | देवाही गोनाही न.पा. ६ कर्कच टोल | ११०० | प्रा.वि.कर्कच गुठी | | |
| १३ | ई.प्र.का.मौलापुर | मौलापुर न.पा.१,३र ४ | १००० | मा.वि.भवन मर्यादपुर, मा.वि.भवन गम्हरीया, आ.वि पतौरा र सामुदायिक भवन पतौरा | वि.ओ.पि.सरमुजवा ९८५१२७२४१५ | |
| १४ | ई.प्र.का.कोप्वापिपरीया | बौधिमाई न.पा. मटिअर्वा, ईनर्वा बाँध | १५० | शारदा मा.वि.पिपरीया, विवाह मण्डप भवन कोप्वा र जवाहरलाल मा.वि.पतौरा | वि.ओ.पि.देवाहीगोनाही ९८५१२७१०५० | |
| १५ | अ.प्र.पो.लौकाहा | परोहा न.पा. ३ महादेव स्थान, घडेरी टोला, परोहा न.पा. ४ पोखरीया गाँउ | २०० | ब्रह्मज्योती मा.वि. लौका, तेजापाकड सामुदायिक भवन | वि.ओ.पि. फतुवा ९८५१२७१०५२ | |
| १६ | ई.प्र.का. राजपुर | राजपुर न.पा.१ | १५०० | रामजानकी मन्दिर, मदरसा हाईवे मदरसा | वि.ओ.पि. फतुवा ९८५१२७१०५२ | |
| १७ | | राजपुर न.पा.२ | १३०० | मेनरोड, बमनहर, राजपुर रोड | | |
| १८ | | राजपुर न.पा.३ | २००० | मदरसा, किसान मा.वि.वलुवा | | |
| १९ | | राजपुर न.पा.८ | १००० | मस्जिद | | |
| २० | | राजपुर न.पा.९ | १००० | मदरसा | | |
| २१ | अ.प्र.पो.बसपार्क | गौर न.पा. ४ टिकुलिया, गढवा र गौर न.पा. ६ सबगढा | ५०० | मा.वि.भवन टिकुलिया | वि.ओ.पि.गौर 9851272418 | |
| २२ | ई.प्र.का.बन्जरहा रौतहट | ईशनाथ न.पा. १ बन्जरहा टिकुलिया घाट | ३५० | आ.वि.बन्जरहा | वि.ओ.पि. औरैया 9851272417 | |
| २३ | | राजपुर न.पा. ९ वैरिया, टि.पोष्ट | १५० | मस्जिद | | |
| जम्मा घरधुरी क्षति | | | ११७८० | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

ङ) **बागमती नदीले प्रभावित पार्ने घरधुरी संख्या/स्थान** (तालिका नं १४)

| सि.नं. | प्रहरी युनिट | असर पर्ने स्थान | घरधुरी संख्या | सुरक्षित स्थान (जस्तै २ तल्ले पक्की घर विद्यालय संघ संस्थाहरुको भवन | नजिकको सशस्त्र प्रहरी बलको युनिट र सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|---|
| १ | प्र.चौ.पौराई | चन्द्रपुर न.पा.१ क्यान्टिन बस्ती | ४० | मा.वि.पौराई | वेश क्याम्प सन्तपुर ९८५१२७१०४० | |
| २ | ई.प्र.का.समनपुर रौतहट | गढीमाई न.पा.१ र २ समनपुर टोल | ५० | शंकर गुदर मा.वि समनपुर रौतहट | वि.ओ.पि. समनपुर ९८५१२७१०५५ | |
| ३ | प्र.चौ. धर्मपुर रौतहट | गढीमाई न.पा.-६ सिगारवन/धर्मपुर/बखरी टोल | ७०० | नमुना मा.वि.सिगारवन रौतहट | वि.ओ.पि. समनपुर ९८५१२७१०५५ | |
| ४ | | गढीमाई न.पा.-७ धर्मपुर/धनाडी टोल | | मा.वि.धनाडी रौतहट | | |
| ५ | प्र.चौ. बरियारपुर रौतहट | गढीमाई न.पा.-३ लक्ष्मीपुर/मुसहरी टोल | १५० | मा.वि. लक्ष्मीपुर रौतहट | वि.ओ.पि. समनपुर ९८५१२७१०५५ | |
| ६ | ई.प्र.का.पिपरारजवडा रौतहट | माधवनारायण न.पा. ८ पिपरारजवडा टोल | ७०० | उ.मा.वि. माधवपुर, ओम प्रकाश सिंहको भवन | वि.ओ.पि. भलोहिया ९८५१२७१०५७ | |
| ७ | ई.प्र.का.पिपरारजवडा रौतहट | माधवनारायण न.पा. ९ गढो टोल | २०० | आ.वि. लौकाहा रौतहट | वि.ओ.पि. भलोहिया ९८५१२७१०५७ | |
| ८ | ई.प्र.का.गंगापिपरा | दुर्गाभगवती गा.पा. १,२, ३ भलोहिया, पिपरा, मत्सरी पर्सा टोल | १२०० | सरस्वती मा.वि. भलोहिया, संस्कृत मा.वि. मत्सरी, दुर्गा मन्दिर धर्मशाला | वि.ओ.पि. फुलविरया ९८६५१६९२१० | |
| ९ | ई.प्र.का.गंगापिपरा | दुर्गभगवती गा.पा. ४ छतौना | ३००० | गा.वि.स. भवन | वि.ओ.पि. फुलविरया ९८६५१६९२१० | |
| १० | प्र.चौ.ब्रह्मपुरी रौतट | राजदेवी न.पा. ३,४ र ५ को बसतपुर, पताही, गडहीया र चण्डिया | ७० | ६ | वि.ओ.पि. बेलविछुवा ९८५१२७२४१६ | |
| ११ | प्र.चौ.बेलविछुवा रौतहट | राजदेवी न.पा. ६,९ | ५०० | नेमधारी मा.वि. मुडवलुवा | वि.ओ.पि. बेलविछुवा ९८५१२७२४१६ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | प्र.चौ.बडहर्वा | दुर्गाभगवती गा.पा. ५ बडर्वा टोल | २०० | बागमतीको बाँध र विद्यालय | वि.ओ.पि. बेलविछुवा ९८५१२७२४१६ | |
| १३ | प्र.चौ.बडहर्वा | दुर्गाभगवती गा.पा. ५ झिटकैया टोल | ५० | बागमतीको बाँध | नं. ११ गण हे.क्वा. हजम्रिनिया ९८५१२७२१३० | |
| जम्मा घरधुरी क्षति | | | ६८६० | | | |

४.२.२ आगलागी:

सुख्खा याममा जिल्लाको अधिकांश स्थानमा आगलागी हुने गरेको भएतापनि प्राय घनावस्ती भएका र गुजुमुज्ज वस्ती भएका स्थानहरू आगलागीको दृष्टिले बढी जोखिमपूर्ण रहेका छन्। निकुञ्ज तथा वन क्षेत्र वन डढेलोको उच्च जोखिममा छन्। वन क्षेत्र वरपरका सवै वस्तीहरु जंगली जनावरको आतंक र आगलागीका हिसावले जोखिममा रहेका छन। आ.व. ०८१/८२ मा रौतहट जिल्लास्थित विभिन्न १३ वटा सामुदायिक वनक्षेत्रमा आगलागी/वन डढेलोका घटनामा १० हेक्टरभन्दा वढी बनक्षेत्र जलेको थियो। पछिल्लो ३ वर्षमा यस जिल्लामा भएका ५२३ वटा आगलागीका घटनामा ७ जना मानिस जलेर मृत्यु भएका, ७४ जना मानिस घाइते भएका थिए भने १२८ चौपायाको मृत्यु भएको र ७७ चौपाया घाइते भएका थिए। यी तथ्याङ्कले आगलागी रौतहट जिल्लाको विपदका घटनाहरु मध्ये धेरै घट्ने घटनामा देखिन्छ।

### ४.२.३ हावाहुरी र चटयाङ्ग

जिल्ला भएको हुनाले जिल्लाको अधिकांस स्थानमा हावाहुरी चल्ने गरेको छ। जिल्लाको एकैप्रकारको भू-वनावटका हिसावले सवै क्षेत्र हावाहुरी र चटयाङ्गबाट जोखिममा रहेको पाइन्छ। पूर्वपश्चिम राजमार्गमा वन जंगलको क्षेत्र रहेको हुँदा हावाहुरी र चटयाङ्गका कारण वेलावखत राजमार्ग समेत अवरोध हुने गरेको छ।

### ४.२.४ जंगली जनावरको आक्रमण र सर्पदंश

जिल्लाको उत्तरी क्षेत्रमा जंगली जनावरको आक्रमणबाट जनजीवन प्रभावित हुने गरेको छ। खासगरी हात्ती र वदेल तथा चितुवाको आक्रमणबाट पछिल्लो तीन वर्षका ८५ वटा घटनामा २ जना मानिसको मृत्यू भएको र ७६ जना मानिस घाइते भएको थियो। त्यस्तै १७ वटा सर्पदंशका घटनामा १३ जना मानिसको मृत्यु भएको र ५ जना घाइते भइ उपचार पश्चात निको भएको थियो।

### ४.२.५ सडक दुर्घटना सडक दुर्घटना :

साँघुरो, कच्ची सडकका कारण र ट्राफिक संकेत तथा सडक सुरक्षाको भरपर्दो प्रबन्ध नभएका कारण जिल्लाको सबै सडक क्षेत्र जोखिमपूर्ण क्षेत्रको रूपमा पहिचान गरिएको छ। पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्ने हो भने २३७६ वटा सडक दुर्घटनामा १७१ जनाको मृत्यु भएको र २८९७ जना घाइते भएको देखिन्छ। अत कमजोर सडक पूर्वाधार र ट्राफिक नियमको पालना नहुदा सडक दुर्घटना उच्च जोखिमको रुपमा देखिन्छ।

४.२.६ अन्य

यस जिल्लामा नदी तथा खोला र पोखरी धेरै रहेको हुँदा दाउरा निकाल्ने कार्यमा संलग्न हुने र पौडी खेल्नेक्रममा डुवेर मृत्यु तथा घाइते हुनेको संख्या पनि उच्च छ। पछिल्लो तीन वर्षको तथ्याङ्कमा पनि डुवेर ८८ जनाको मृत्यु भएको तथा

७९ जना घाइते भएको देखिन्छ। त्यस्तै गरी शीतलहरको जोखिम पनि उच्च छ। पछिल्लो तीन वर्पमा १३१ वटा करेन्ट लागेको घटनामा ५३ जनाको मृत्यु भएको र ७६ जना घाइते भएको देखिन्छ।

### ४.३ संकटासन्नता नक्साङ्कन

विगत ५ वर्ष रविगत २५ वर्षको तथ्यांकलाई हेर्दा तल उल्लेखित न.पा., गाँउपालिकाका साविक गाविसहरु विभिन्न प्रकोपबाट संकटासन्न अवस्थामा रहेको पाइन्छ। जसको विस्तृत विवरण देहाय बमोजिम राखिएको छ।

(तालिका नं १५)

| क्र.सं. | पालिकाहरु | संकटासन्नताको अवस्था हालको वडानुसार | | | पालिका संकटासन्नता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उच्च संकटासन्नता | मध्यम संकटासन्नता | न्यून संकटासन्नता | | |
| १ | गौर नगरपालिका | १ देखि ९ वडा सम्म | | | | |
| २. | राजदेवी नगरपालिका | ३,४,६,८,९ | ७ | १,२,५ | उच्च जोखिम | वाढी |
| ३ | यमुनामाई गाउँपालिका | २ | ३,४ | १,५ | उच्च जोखिम | वाढी |
| ४ | दुर्गा भगवती गाउँपालिका | ५ | १,२,३,४ | | मध्यम जोखिम | वाढी |
| ५ | ईशनाथ नगरपालिका | १ | २,३,६,७,९ | ४,५,८ | उच्च जोखिम<br>उच्च जोखिम | वाढी<br>वाढी |
| ६ | राजपुर नगरपालिका | २,९ | १,७,८ | ३,४,५,६ | | |
| ७ | परोहा नगरपालिका | १,२ | ३,४,९ | ५,६,७,८ | उच्च जोखिम<br>उच्च जोखिम | वाढी<br>वाढी |
| ८ | बोद्धीमाई नगरपालिका | १,२,३,४ | | | | |
| ९ | मौलापुर नगरपालिका | ८,९ | १,२,३,४,५ | ५,६,७,८,९ | उच्च जोखिम | वाढी |
| १० | देवाही गोनाहि नगरपालिका | १,२,३,४,५,६ | ७,८ | ६,७ | उच्च जोखिम | वाढी |
| ११ | कटहरिया नगरपालिका | १,४,५ | २,३ | ९ | मध्यम जोखिम | वाढी |
| १२ | गरुडा नगरपालिका | | | ६,७,८,९ | उच्च जोखिम | वाढी |
| १३ | माधवनारायण नगरपालिका | ७,८,९ | | १ देखि ९ सम्म | मध्यम जोखिम | वाढी |
| १४ | गढिमाई नगरपालिका | ५ | ३ | १,२,३,४,५,६ | मध्यम जोखिम | वाढी |
| १५ | बृन्दावन नगरपालिका | | | १,२,४,६,७,८,९ | मध्यम जोखिम | वाढी |
| १६ | गुजरा नगरपालिका | | १,२,३,४,५<br>५ | ६,७,८,९<br>१,२,३,४,६,७,८,९ | मध्यम जोखिम<br>मध्यम जोखिम | वाढी<br>वाढी |
| १७ | फतुवाविजयपुर नगरपालिका | १,२,७,८,९,१०,११ | ३,४,५,६ | | उच्च जोखिम | वाढी |
| १८ | चन्द्रपुर नगरपालिका | | सबै | | मध्यम जोखिम | वाढी |
| | जम्मा | ४७ | ४८ | ६२ | | |

श्रोत: २०७१ स्तरीय विपद् जोखिम व्यवस्थापन योजना

## ४.३ रौतहट जिल्ला अन्तर्गत रहेको खुल्ला क्षेत्र, आश्रय स्थल तथा भण्डारण गृहको विवरण.

### ४.३.१ खुल्ला क्षेत्र

(तालिका नं १६)

| सि.नं. | नाम | रहेको स्थान/ठेगाना | कै. |
|---|---|---|---|
| १. | राईस मिल, सुवर्ण माई, व्यारेक फिल्ड, बसपार्क | गौर न.पा.-५, ४ टिकुलिया | |
| २. | चिनी मिल | गरुडा न.पा.-५ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

| | | | |
|---|---|---|---|
| ३. | महादेव स्थान शिवनगर | गरुडा न.पा. | |
| ४. | समनपुर चौर | वृन्दावन न.पा. १,२,३ | |
| ५. | सरस्वती उ.मा.वि. परिसर पछाडी खेल मैदान | दुर्गा भगवती गा.पा.१,२ | |
| ६. | आप वगैचा, हाट बजार | राजपुर न.पा.३,४ | |
| ७. | चाँदी सहिद स्मारक, फुटवल खेल मैदान,जनज्योती मा.वि. | चन्द्रपुर न.पा.-२,६ | |
| ८. | ई.प्र.का. समनपुर अगाडी चौर | गढीमाई न.पा.२ | |

### ४.३.२ आश्रय स्थल

(तालिका नं १७)

| सि.नं. | पालिका | सुरक्षित स्थान/ क्षमता | कै. |
|---|---|---|---|
| १ | गौर न.पा. | गौर सिनेमा हल-१०० जना, श्री जुद्द मा.वि. गौर-५०० जना ,राम जानकी धर्मशाला- २५० जना, श्री गौरी शकर उ.मा.वि.-२०० जना, | |
| २ | राजदेवी न.पा. | श्री नेमधारी बासुदेव उ.मा.वि.-३०० जना, श्री रामनरेश लक्ष्मण मा.वि.-१२० जना,श्री ब्रह्मपुरी मा.वि.-८० जना र वडा नं ८ मा करिव १५० जना क्षमताको सेफ सेन्टर | |
| ३ | यमुनामाई गा.पा. | श्री जनता मा.वि.सरुअठा- १५० जना, श्री यमुनामाई मा.वि.झुनखुन्वा-८०,श्री मा.वि. जेठरहिया-१५० जना | |
| ४ | दुर्गा भगवती गा.पा. | श्री सरस्वति उ.मा.वि. पिपरा भलोहिया-१८० जना, ऐ. वडा नं.-५ को पासवान टोल धर्मशाला-१०० जना | |
| ५ | ईशनाथ न.पा. | वडा नं.-२ को आश्रय होस्टल धर्मशाला- २००, श्री वि.पि. कोईराला आदर्श मा.वि.धिउरा-१००, श्री मठिया मा.वि. ११० जना | |
| ६ | राजपुर न.पा. | श्री राजपुर मा.वि. -१२० जना, श्री सरस्वती नि.मा.वि. अकोलवा-१०० जना, श्री किसान नि.मा.वि. राजपुर -८० | |
| ७ | परोहा न.पा. | श्री ब्रम्ह ज्योती मा.वि. लौकाहा-१५० जना, श्री मा.वि. नमनगरा वडा नं.५- १०० जना, श्री अनहोतिलाल मा.वि. बसन्तपट्टी-१६० जना | |
| ८ | बौधिमाई न.पा. | श्री बौधिमाई मा.वि. सरमुजवा-११५ जना, सिनेमा हल बंकुल-८० जना, श्री शारदा मा.वि. पिपरीया वडा नं.-६- १५० जना | |
| ९ | मौलापुर न.पा. | श्री जनता मा.वि. सोनरनिया-१०० जना, श्री लक्ष्मिनिया आधारभूत विद्यालय वडा नं.५- १०० जना | |
| १० | देवाही गोनाही न.पा. | श्री जयकिसन मा.वि. धरहरी-१९० जना, | |
| ११ | कटहरिया न.पा. | श्री जनता उ.मा.वि. कटहरिया -१५० जना, श्री कटहरिया मा.वि. भसेढवा-१०० जना | |
| १२ | गरुडा न.पा. | श्री मा.वि. गरुडा-१०० जना, श्री मा.वि. महम्दपुर गरुडा-५- १२० जना | |
| १३ | माधवनारायण न.पा. | श्री मा.वि. माधोपुर-१०० जना, श्री संस्कृत मा.वि. मठिया वडा नं.-५- २०० जना, श्री सरस्वती मा.वि. खेसरहिया-१५० जना | |

| | | | |
|---|---|---|---|
| १४ | गढिमाई न.पा. | श्री उ.मा.वि. समनपुर-१५० जना, श्री मा.वि. संग्रामपुर वडा नं.४- १५० जना, श्री सरस्वती मा.वि. मलाहीटोल-१०० जना | |
| १५ | वृन्दावन न.पा. | श्री बतहु मा.वि. हर्षाहा-१६० जना, श्री रुपा नेपाली पाल मा.वि. धमौरा-१०० जना,श्री उ.मा.वि. वरगजवा-१३० जना | |
| १६ | गुजरा न.पा. | श्री मा.वि. सिम्राभवानिपुर-१५० जना, श्री कंकाली मा.वि. जंगलसैया -२५० जना, | |
| १७ | फतुवा बिजयपुर न.पा. | श्री उ.मा.वि. फतुवा वडा नं.८- १५० जना, श्री मा.वि. फतुवाविजयपुर वडा नं..१०-१०० जना, श्री आवासिय विद्यालय लक्ष्मिनिया वडा नं.९-१०० जना | |
| १८ | चन्द्रपुर न.पा. | श्री जनज्योति उ.मा.वि. क र ख -५०० जना, श्री सुभलाल भगवात उ.मा.वि. सन्तपुर-२०० जना, श्री कालिका मा.वि. सिमराभवानिपुर-१५० जना | |

### ४.३.३ भण्डारण गृह

(तालिका नं १८)

| सि.नं. | स्थानिय तह | संख्यात्मक/भण्डारण गृह | कै. |
|---|---|---|---|
| १. | गौर न.पा. | राईस मिल,गौर<br>क्रिकेट संघ, गौर<br>सिनेमा हल ,गौर<br>दाल मिल, गौर | |
| २. | गरुडा न.पा. | ने.का.पार्टी कार्यालय, गरुडा<br>ने.क.पा. पार्टी कार्यालय, गरुडा<br>नन्दनी सिनेमा हल, गरुडा | |
| ३. | कटहिरया न.पा. | जनता उ.मा.वि. कटहरिया | |
| ४. | चन्द्रपुर न.पा. | जनज्योती उ.मा.वि.चपुर | |
| ५. | दुर्गाभगवती गा.पा. | सरस्वती मा.वि. पिपरा भलोहिया | |
| ६. | बौधीमाई न.पा. | सिनेमा हल बंकुल | |
| ७. | गढीमाई न.पा. | उ.मा.वि. समनपुर | |
| ८. | फतुवाविजयपुर न.पा. | कंकाली उ.मा.वि.जंगलसहिय<br>उ.मा.वि. विजयपुर | |
| ९. | गुजरा न.पा. | उ.मा.वि.सिमराभवानिपुर | |

### ४.३.४ मनसुनजन्य विपद्बाट प्रभावितको स्वास्थ्य उपचारको निमित्त फिल्ड अस्पतालको आवश्यक तयारी तथा अन्य स्वास्थ्य संस्थासँगको समन्वय

(तालिका नं १९)

| सि.नं. | अस्पतालको नाम | ठेगाना | निजि/सरकारी/ सामुदायिक | प्रमुख व्यक्ति | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १. | प्रादेशिक अस्पताल गौर | गौर न.पा.३ | सरकारी | डा. मुरारी ठाकुर | 9844038749 |

| सि.नं. | अस्पतालको नाम | ठेगाना | निजि/सरकारी/ सामुदायिक | प्रमुख व्यक्ति | सम्पर्क नं |
|---|---|---|---|---|---|
| २. | डा. तैयव मेमोरियल हस्पिटल प्रा.लि. | गौर न.पा.१ | निजी | डा.शोहेल तैयव | 9845437263 |
| ३. | डा.तैयव हेल्थ केयर हस्पिटल प्रा.लि. | गौर न.पा.१ | निजी | डा.सरफराज तैयव | 9845162899 |
| ४. | डा.तैयव मेडि केयर हस्पिटल प्रा.लि. | गौर न.पा.१ | निजी | डा. अन्जुम तैयव | 9845120184 |
| ५. | फैमली मेटरनेटि जेनरल अस्पताल | गौर न.पा.२ | सामुदायीक | डा. ईमतेयाज अहमद | 9851155443 |
| ६. | गौर अस्पताल प्रा.लि. | गौर न.पा.३ | निजी | डा. घनश्याम साह | 9842499049 |
| ७. | सि.टि. होस्पिटल प्रा.लि. | गौर न.पा.३ | निजी | डा. रिजवान आलम | 9851178786 |
| ८. | रौतहट नर्सिङ्ग होम प्रा.लि. | गौर न.पा. ५ | निजी | डा. रामशंकर ठाकुर | 9855021429 |
| ९. | सरकारी अस्पताल चन्द्रनिगाहापुर | चन्द्रपुर नपा ५ | सरकारी | डाक्टर संजिव कुमार साह | ०५५-५४०१५० |
| १०. | चन्द्रपुर सामुदायिक अस्पताल | चन्द्रपुर नपा ४ | सरकारी | रामेश्वर साह | ०५५-५९०७०१ |
| ११. | चन्द्रपुर अस्पताल प्रालि | चन्द्रपुर नपा ४ | निजी | सुवास चौधरी | ०५५-५४०७७४ |
| १२. | सभिल अस्पताल चपुर | चन्द्रपुर ४ | निजी | सतिश कुमार सिंह | ०५५-५४०६४८ |
| १३. | प्राथमिक स्वाथ्य केन्द्र कटहरीया | कटहरीया न.पा. — ५ | सरकारी | डा. येसु मल्ल | ९८६३०४९४३१ |
| १४. | महम्दपुर हेल्थपोष्ट शिवनगर | गरुडा न.पा. ५ शिवनगर | सरकारी | रामनरेश यादव | ९८५५०४०४९९ |
| १५. | हेल्थ लैण्ड हस्पिटल गरुडा | गरुडा नपा-४ गरुडा बजार | सामुदायीक | संजय चौधरी | ९८४९०४९९२४ |
| १६. | रोमा हस्पिटल गरुडा | गरुडा नपा-४ गरुडा बजार | सामुदायीक | योगेन्द्र साह | ९८२०००७४७६ |
| १७. | सनसिटि हस्पिटल गरुडा | गरुडा नपा-४ गरुडा बजार | सामुदायीक | डा. नितु रानी | ९८०४७७६६७३ |
| १८. | ग्रान्डी हस्पिटल गरुडा | गरुडा नपा-५ झाझपुल | सामुदायीक | डा. संजिव जसैवाल | ९८५५०४२४४८ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रौतहट

| सि.नं. | अस्पतालको नाम | ठेगाना | निजि/सरकारी/ सामुदायिक | प्रमुख व्यक्ति | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १९. | आनन्द पोली क्लिनिक गरुडा | गरुडा न.पा.५ शिवनगर | निजी | उमेश प्रसाद जैसवाल | ९८४५१२२११४ |
| २०. | संजिवनी आयुस पोली क्लिनिक | गरुडा न.पा.५ शिवनगर | निजी | डा. संजिव कुमार यादव | ९८५५०४४९४४ |
| २१. | वेटर नेपाल हस्पिटल गरुडा | गरुडा नपा-४ गरुडा बजार | सामुदायीक | सुनिल प्रसाद साह | ९८५५०४७६८१ |
| २२. | स्वास्थ्य चौकी बन्जरहा | ईशनाथ न.पा १ बन्जरहा | सरकारी | किशोरी ठाकुर | ९८१६२११५२३ |
| २३. | स्वास्थ्य चौकी बैरिया | राजपुर न.पा. ९ डुमरिया | सरकारी | बधु साह | ९८४५१६१३९३ |
| २४. | स्वास्थ्य चौकी मठिया | ईशनाथ न.पा.४ मठिया | सरकारी | शम्भु यादव | ९८४५७८०२०७ |
| २५. | स्वास्थ्य चौकी औरैया | ईशनाथ न.पा २ औरैया | सरकारी | अरबिन्द कुमार यादव | ९८४५०९८५६६ |
| २६. | स्वास्थ्य चौकी डुमरिया | ईशनाथ न.पा ९ डुमरिया | सरकारी | रामदेव साह | ९८४५१३४९२३ |
| २७. | परोहा नगर अस्पताल | परोहा न.पा.४ लौकाहा | सरकारी | धर्मलाल पटेल | ९८४५४११३८९ |
| २८. | प्राथमिक स्वास्थ्य केन्द्र बैधिमाई | बैधिमाई न.पा.५ | सरकारी | राकेश कुमार यादव | ९८४५५२१२२४ |
| २९. | प्राथमिक स्वास्थ्य केन्द्र मौलापुर | मौलापुर न.पा.५ | सरकारी | अक्षयलाल साह | ९८४७०४२५०३ |
| ३०. | पिपरिया स्वास्थ्य चौकी | बैधिमाई न.पा.६ | सरकारी | परमानन्द कुमार गुप्ता | ९८४५८८७१८५ |
| ३१. | मौलापुर स्वास्थ्य चौकी | मौलापुर न.पा.५ | सरकारी | सुवास ठाकुर लुहार | ९८४५८८८४३४ |
| ३२. | नरकटिया स्वास्थ्य चौकी | परोहा न.पा.८ | सरकारी | राधेश्याम प्रसाद कलवार | ९८५५०८८०४४ |
| ३३. | चन्द्रज्योती कान्ति हस्पिटल प्रा.लि | बैधिमाई न.पा.७ | निजी | नवल किशोर राय याद | ९८४५२५४८७५ |
